महिला विरुद्धका सम्पूर्ण भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सिड)का सम्बन्धमा

# आदिवासी महिला र किशोरीहरूको अधिकारका लागि आधारभूत सिफारिस नं. ३९ (२०२२)

# CEDAW General Recommendation No. 39 (2022) on the Rights of Indigenous Women and Girls

-आदिवासी महिला कानूनी सचेतना समूह



आदिवासी महिला कानूनी सचेतना समूह, ललितपुर

Foro Internacional de Mujeres Indígenas (FIMI), Peru

महिला विरुद्धका सम्पूर्ण भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सिड)का सम्बन्धमा

# आदिवासी महिला र किशोरीहरूको अधिकारका लागि आधारभूत सिफारिस नं. ३९ (२०२२)

# CEDAW General Recommendation No. 39 (2022) on the Rights of Indigenous Women and Girls

-आदिवासी महिला कानूनी सचेतना समूह

आदिवासी महिला कानूनी सचेतना समूह, ललितपुर

Foro Internacional de Mujeres Indígenas (FIMI), Peru

आदिवासी महिला र किशोरीहरूको अधिकारका लागि आधारभूत सिफारिस नं.३९ (२०२२)
CEDAW General Recommendation No. 39 (2022) on the Rights of Indigenous Women and Girls
Copyright: ©INWOLAG, 2023

प्रकाशक:

आदिवासी महिला कानूनी सचेतना समूह, ललितपुर

Foro Internacional de Mujeres Indígenas(FIMI), Peru

डिजाइन एण्ड प्रिन्ट:
एम.एस. अफसेट प्रेस
ज्याठा, काठमाडौं
फोन: ५९०४३८८
इमेल: msoffsetpress17@gmail.com

# आभार

आदिवासी महिला कानुनी सचेतना समूह (INWOLAG) अीदवासी महिलाहरुको साँस्कृतिक, आर्थिक, सामाजिक, कानुनी अधिकारका साथ साथै प्राकृतिक श्रोत साधन, विशेष गरेर आत्म निर्णयको अधिकारमा सचेतना जगाउने, कानुनी अनुसन्धान गर्ने कानुनी सहायता प्रदान गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा वकालत गर्नको लागि आदिवासी महिला कानुन व्यवसायीहरुको सन् २००० (२०५७) मा कानुनी रुपमा एक गैर राजनितिक, गैर नाफामुलक सामाजिक संस्था हो ।

यस संस्थाले संस्थापनाकालदेखि नै NIWF, NIDWAN, NIWF संग सहकार्य गरी आदिवासी महिला तथा किश्वरीहरुको हक अधिकारको लागि CEDAW सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा वकालत गर्दै आइरहेकोमा नेपाली आदिवासी महिला तथा किश्वरीहरुको हक हित तथा उनीहरुको कानुनी अधिकार सम्बन्धी तथा उनीहरु प्रति राज्य पक्ष तथा गैर राज्य पक्षको दायित्वहरुको सम्बन्धमा  संयुक्त राष्ट्रसंघद्वारा पारित महिला विरुद्धको सबै प्रकारको भेदभाव उन्मुलन महासन्धि CEDAW अन्तर्गत आदिवासी महिला तथा किश्वरीहरुका अधिकारका लागि आधारभूत सिफारिस नं. ३९ (२०२२) ले पारित गरेका शिद्धान्तहरु नेपाली आदिवासी महिला तथा किश्वरीहरुका लागि पथप्रदर्शक तथा उनीहरुको अधिकारका लागि संविधान सशोधन, नीति निर्माण ,स्थानीय तह, गैरसरकारी संस्थाहरु, समुदाय परिवार, विद्यालय, कार्यस्थलहरुमा यो मार्गदर्शककौ रुपमा रहनैछ भन्ने उद्देश्य तथा विश्वासका साथ यो महत्वपूर्ण दस्तावेजलाई अंग्रजीबाट नेपालीमा रुपान्तरण गरी नेपाली पाठकहरुको माझमा प्रकाशन गर्न पाउँदा हामी खुसी तथा गौरव महसुस गरेका छौं । विशेषत यस संस्थाले कानुन क्षेत्रमा आदिवासी महिलाहरुको बिचमा सचेतना अभिबृद्धि गर्ने, कानुनी सेवा प्रदान गर्ने अनुसन्धान गर्ने तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उनीहरुको आवाजलाई बुलन्द पार्ने कार्यमा अविरल रुपमा संलग्न रहेका छौं ।

आदिवासी महिला तथा किशोरीहरू उनीहरूकै समुदायमा समेत बहुविध उत्पीडन र संरचनात्मक हिंसामा परेको प्रस्ट दृश्य देखिन्छ । आफ्नो समुदायबाट बाहिर निस्केर राज्यका अनेक तहमा व्यवहार गर्नु पर्दा झनै दाहोरो-तेहोरो हिंसा सहन बाध्य छन्, आदिवासी महिला । हिंसा र उत्पीडनका विविध स्वरूपलाई न्यूनीकरण गर्न केही वैयक्तिक पहलले पनि तत्क्षण केही काम त गर्ला । तर, दीर्घकालीन समाधानका लागि राज्यले नै नीतिगत रूपमा ठोस पहल गर्नुपर्ने हुन्छ । सामाजिक, सांस्कृतिक, लैङ्गिक, भाषिक रूपमा हुने उत्पीडनका बारे सचेतना अभिवृद्धि गर्नु, नीति-नियम बनाउनु र त्यसलाई प्रभावकारी कार्यान्वयन गर्नु राज्यको दायित्व हो । त्यसका लागि राज्यले लोकतान्त्रिक राज्यहरूका अन्तर्राष्ट्रिय अभ्यास र महासन्धिहरूलाई गम्भीर ढंगले हेर्नुपर्ने हुन्छ । नेपालका आदिवासी महिलाहरूको हक-हितमा काम गर्न हाम्रो राज्यका जिम्मेवार निकायका लागि यो सिफारिस एउटा गतिलो मार्गदर्शन हुनसक्छ ।

आदिवासी महिला प्रति राज्य धेरैधन्दा धेरै संवेदनशील हुन किन जरुरी छ भन्ने जटिल प्रश्नको सजिलो उत्तर हो, यो पुस्तिका । आशा छ, यस पुस्तिकाले आदिवासी महिला तथा किशोरीसम्बन्धी कानुनी पाटोलाई बुझाउने सन्दर्भमा निकै महत्वपूर्ण काम गर्नेछ ।

यस सिफारिसले आदिवासी महिलामाथि हुने परस्पर जेलिएका हिंसा र भेदभावका पत्रहरूको परिचयात्मक जानकारी मात्रै दिँदैन, राज्यले उनीहरूप्रति खेल्नुपर्ने भूमिकालाई विशेष जोड दिन्छ । आदिवासी महिलाहरू जल, जमिन र जंगलसँग ऐतिहासिक तथा सांस्कृतिक रूपमा अभिन्न रहेका हुन्छन् । उसो त स्वाभावैले आदिवासी समुदाय प्रकृतिका सहयात्री र संरक्षक हुन्छन् । तर, पुँजीवादी व्यवस्थाले निम्त्याएका अनेक जटिलता र राज्यको दमनकारी हस्तक्षेपका कारण उनीहरूले भेदभाव र हिंसा सहेका मात्रै छैनन्, आफ्नो आदिभूमिबाट समेत उनीहरू बेदखल हुनुपर्नेसम्मका जटिल संकट पैदा भएको छ । यस्तो संकटबाट बचाउने जिम्मेवारी फेरि पनि राज्यकै हो । कुनै पनि समुदायको घाउमा मल्हम लगाउने राज्यको उत्तम बाटो भनेको कानुन हो । आदिवासी महिलामाथिको उत्पीडन अन्त्यका लागि पनि कानुनकै बाटोबाट समाधानको गन्तव्यमा पुग्नु हो ।

सोही परिपेक्षमा यो महत्वपूर्ण दस्तावेजलाई सरल नेपाली भाषामा अनुवादन गरी प्रकाशन गर्ने अवसर मिलेको  छ । त्यसैगरी यस कार्यलाई अनुवादन गरी प्रकाशन गर्न विशेष गरी आर्थिक सहयोग पुऱ्याउने FIMI प्रति आभार व्यक्त गर्दछौं । त्यसैगरी नेपालीमा अनुवादन गर्ने डा. झोकेन्द्र थापा (अंग्रेजीका प्राध्यापक त्रि.वि., विश्वभाषा क्याम्पस) जस्ले अंग्रेजी भाषामा रहेको यस दस्तावेजलाई सरल नेपाली भाषामा रुपान्तरण गरी महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ, त्यस्तै गरी नेपाली भाषाको शुद्धीकरण गरी योगदान पुऱ्याउनु हुने श्री शुशान्त गुरुङ्ग (नेपाली प्राध्यापक त्रि.वि., विश्वभाषा क्याम्पस), यो दस्तावेजलाई टाइप गरी योगदान गर्ने कानुनका विद्यार्थी श्री रामेश्वर राना, त्यसैगरी यस संस्थाका सम्पूर्ण कार्यकारी सदस्यहरु, कर्मचारीहरु विशेष धन्यवादका पात्र हुनुहुन्छ । वहाँहरुले पुऱ्याउनु भएको बौद्धिक, नैतिक, भौतिक, पारस्पारिक सहयोग तथा समर्थनको लागि म हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै यस प्रकारका आदिवासी महिला तथा किश्वरीहरुका हक हितको लागि योगदान तथा अवसर पुऱ्याउने कार्यहरु निरन्तरताको लागि कामना गर्दै २०८० सालको शुभकामना व्यक्त गर्दछु ।

**इन्दिरा कुमारी श्रीस**
**अध्यक्ष आदिवासी महिला कानूनी सचेतना समूह (इन्वोल्याग)**
**४ बैशाख २०८०**

# विषयसूची


(i) परिचय ...... १

(ii) उद्देश्यहरू तथा क्षेत्र ...... ४

(iii) कानुनी रूपरेखा ...... ६

(iv) आदिवासी महिला र किशोरीहरूको अधिकार सम्बन्धमा धारा १ र २ अन्तर्गत, राज्य-पक्षको दायित्व ...... ७

(क) आदिवासी महिला र किशोरीहरू तथा भेदभादका विविध रुपहरुमा ध्यान केन्द्रित समानता र भेदभाव रहित समाज ...... ८

(ख) न्यायमा पहुँच तथा बहुल कानुनी व्यवस्था ...... १४

(v) आदिवासी महिला तथा किशोरीहरूको अधिकारका विशेष सवालहरूमा राज्य-पक्षको दायित्व ...... १९

(क) आदिवासी महिला तथा किशोरीहरू विरुद्ध हुने लैङ्गिक हिंसाबाट बचाउ तथा रोकथाम (दफा ३, ५, ६, १०(८) ११, १२, १४ र १६) ...... १९

(ख) सार्वजनिक तथा राजनीतिक जीवनमा प्रभावकारी सहभागिता सम्बन्धी अधिकार (दफा ७, ८ र १४) ...... २४

(ग) शिक्षामा अधिकार (दफा ५ र १०) ...... २७

(घ) कामको अधिकार (दफा ११ र १४) ...... २८

(ङ) स्वास्थ्य सम्बन्धी अधिकार (दफा १० र १२) ...... ३०

(च) संस्कृति सम्बन्धी अधिकार (दफा ३, ५, १३ र १४) ...... ३२

(छ) भूमि, भौगोलिक क्षेत्र तथा प्राकृतिक स्रोत सम्बन्धी अधिकार (दफा १, ३ र १४) ...... ३४

(ज) बिउ बिजन, जल, खाना सम्बन्धी अधिकार (दफा १२ र १४) ...... ५०

(झ) दिगो, स्वास्थ्य तथा सफा वातावरण सम्बन्धी अधिकार (दफा १२ र १४) ...... ५१

### (i) परिचयः

**(१)** आधारभूत सिफारिसको विस्तृत सुझावले आदिवासी महिला तथा किशोरीहरू विरुद्ध हुने सबै खाले भेदभाव निर्मूल गर्ने महासन्धि अन्तर्गत राज्य-पक्षी विधायिका, नीति निर्माण गर्ने तह तथा सम्बन्धित सबैको दायित्वलाई व्यवहारमा कार्यान्वयन गर्ने वातावरण निश्चित गर्ने विषयमा यसले एउटा मार्ग निर्देशन गर्दछ। संसारमा करिब ४७,६६,००,००० करोड़ आदिवासी जनता छन् भने त्यसको करिव आधाभन्दा धेरै २३,८४,००,००० करोड आदिवासी महिला छन्। दुर्गम क्षेत्रका गाउँ र सहरमा बस्ने आदिवासी महिलाविरुद्ध हुने हिंसा र भेदभाव प्रायः उनीहरूको जीवनमा दोहोरिरहने घटनाजस्तै भएको छ। यो विस्तृत सम्झौता तथा सुझाव आदिवासी महिला तथा बालबालिका बसोबास गर्ने आदिवासी क्षेत्रभित्र तथा बाह्य दुवै ठाउँ/अवस्थामा लागु हुनेछ।

**(२)** यो सुझाव आदिवासी महिला तथा किसोरीहरूको अधिकार अन्तर्गत आदिवासी समुदाय तथा गैर-आदिवासी समुदाय दुवैमा एउटा अभियान तथा प्रेरणादायी कार्यका रूपमा रहनेछ। यस दस्तावेजले आदिवासी महिलाहरूले सामना गर्नुपरेको विभिन्न रूपको, दोहोरो भेदभाव तथा उनीहरूमा नेतृत्व गर्ने भूमिका, ज्ञानको बाहक तथा आफ्नो संस्कृतिलाई समुदाय तथा परिवारमा पुस्तान्तरण तथा हस्तान्तरण गर्ने भूमिकालाई पहिचान गर्ने तथा सम्बोधन गर्ने हुनेछ। महिलाविरुद्धका भेदभाव उन्मूलन समितिले निरन्तर सामना गर्नुपरेको भेदभावको समाधान तथा उनीहरूको अधिकार हनन्सम्बन्धी सबै रूपहरुको पहिचान तथा तिनीहरुको सम्बोधन गर्ने हुनेछ। अझै अगाडि यस खाले भेदभावहरूलाई निरन्तर बढावा दिने कारणहरूको पनि पहिचान गरिसकेको छ। यस प्रकारका विभेदहरू प्रायः परस्पर सम्बन्धित निम्न उल्लिखित कारणहरूमा आधारित छ। जस्तोः लैङ्गिक, आदिवासी उत्पत्ति, परिचय तथा प्रतिष्ठा, जात, जातिगत अपाङ्गता, उमेरगत भाषा, सामाजिक आर्थिक अवस्था तथा एचआईभी/एड्स सम्बन्धी रहेका छन्।

**(३)** आदिवासी महिला तथा किशोरीहरू विरुद्धको अन्तर सम्बन्धित तथा बहुरूपी विभेदलाई उनीहरूको बहुआयामिक परिचयको सन्दर्भमा बुझ्नु पर्छ। उनीहरूले राज्य-पक्ष तथा गैरराज्य-पक्षबाट निरन्तर लैङ्गिक हिंसा तथा विभेद सहँदै आउनुपरेको छ। यस्ता खाले हिंसा तथा विभेद हामी जताततै देख्न सक्छौं। यस प्रकारका अपराधमा प्रायः उनीहरूले न्याय पाउन सकेका छैनन्। आदिवासी महिला तथा किशोरीहरूको सम्बन्ध उनीहरूको समुदाय, जमिन, भूभाग, प्राकृतिक स्रोत साधन तथा संस्कृतिसँग अभिन्न रहेको हुन्छ। परिच्छेद १ र २ को पालनालाई सुनिश्चित गर्नका लागि राज्य-पक्ष, विधायिका, महासन्धि तथा अन्य सम्बन्धित कानुन तथा विधि विधानहरूमा आदिवासी महिला तथा किशोरीहरूको बहुपक्षीय परिचयको

प्रतिनिधित्व तथा सम्मान भएको हुनु पर्दछ। राज्य-पक्षले ध्यान पुऱ्याउनुपर्ने विषयहरू भनेको आदिवासी महिला तथो किशोरीहरूले भोग्न परेको बहुपक्षीय तथा अन्तरसम्बन्धित विभेदहरू जस्तैः लैङ्गिक आदिवासी हुनु, सामाजिक प्रतिष्ठा तथा परिचय, उमेर, भाषा, सामाजिक आर्थिक अवस्था, एचआईभी/एड्सको अवस्था आदि हुन् ।

**(४)** राज्यको कार्य भनेको आदिवासी महिला तथा किसोरीहरु विरुद्धका भेदभाव रोक्न र तिनका समस्यालाई सम्बोधन गर्ने हुनु पर्दछ। उक्त कार्य गर्दा केही महत्वपूर्ण दृष्टिकोणलाई समावेश गर्न छुटाउनु हुँदैन । जस्तोकि, लैङ्गिक दृष्टिकोण, बहुपक्षीय विभेदको दृष्टिकोण, आदिवासी महिला तथा बालिकासम्बन्धी दृष्टिकोण, अन्तरसांस्कृतिक दृष्टिकोण र बहुआयामिक दृष्टिकोण ।

लैङ्गिक दृष्टिकोणले यी कुरालाई मध्यनजर राखेको हुन्छ, जस्तैः विभेदकारी मापदण्डहरू, हानिकारक सामाजिक चालचलन तथा व्यवहार, पुराना खालका सोचाइ तथा मान्यताहरू, उनीहरूमाथि गरिने हीन तथा हेपाहा प्रबृत्ति। यी कुराहरूले आदिवासी महिलाहरूलाई ऐतिहासिक रूपमा नै असर पुऱ्याउँदै आएको छ भने यस्ता खाले विभेदपूर्ण व्यवहार हालसम्म कायमै छ । त्यसैगरी अन्तरसम्बन्धित तथा बहुरूपी विभेदको दृष्टिकोणबाट हेर्दा आदिवासी महिला तथा किसोरीहरुमाथि गरिने विभेद, दुर्व्यवहार, अन्याय-अत्याचार, असमानता र तिनलाई बढावा दिने कारणहरू बहुपक्षीय छन् । जस्तोः लैङ्गिक, आदिवासी हुनु, उमेरगत भाषा, संस्कृति, सामाजिक तथा आर्थिक अपङ्गता, एचआईभी/एड्स रोगबाट ग्रसित हुनु आदि । यी विषयहरूमा राज्य-पक्षको ध्यान जानु आवश्यक हुन्छ। त्यसैगरी आदिवासी महिला तथा किशोरीहरूसम्बन्धी कानुन, नीतिनिर्माण राष्ट्रिय बजेट आदिको कार्यान्वयन, मध्यस्थता र हस्तक्षेप गर्दा राज्यले उनीहरूका सवालहरू र चुनौतीहरू अन्तरसम्बन्धीत बहुरूपी तथा अन्तरनिर्भर छन् भन्ने कुरालाई मध्यनजर गर्नु पर्दछ । आदिवासी महिला तथा किशोरीहरू बाहिरी तथा भित्री सबै प्रकारका भेदभावबाट पीडित छन् । यस खाले बहुल तथा परस्पर जोडिएका समस्याहरू, भेदभाव तथा चुनौतीहरू संरचनात्मक स्वरुपका छन् । जस्तैः संविधान, कानुन, नीति निर्माण तथा राज्यको कार्यक्रम, सेवा तथा कार्यहरूमा नै संलग्न गरिएको पाइन्छ ।

**(५)** आदिवासी महिला तथा किशोरीहरूसम्बन्धी दृष्टिकोणले आदिवासी महिला तथा पुरुषहरूको मानव अधिकार सरक्षणको आवश्यकता, यथार्थता, उनीहरूको अनुभवसम्बन्धी बुझाइ फरक छ भन्ने विषयलाई समावेश गर्दछ। उक्त फरकपन विशेषगरी लैङ्गिक भिन्नतामा आधारित छ। त्यसैगरी यस दृष्टिकोणअनुसार आदिवासी किशोरीहरु एउटा विकासशील अवस्थाबाट आदिवासी महिलामा रूपान्तरण हुँदै गइरहेको यथार्थतालाई मध्यनजर गर्नु पर्दछ। जसका

लागि उनीहरूको उमेर विकासको अवस्थालाई मध्यनजरमा राखी उपयुक्त कार्यहरू अगाडि बढाउनु पर्दछ । त्यसैगरी अन्तरसांस्कृतिक दृष्टिकोणमा आदिवासी जनतामा निहित विविधतालाई मध्यनजरमा राख्नु पर्दछ, जसमा उनीहरूको संस्कृति, भाषा, विश्वास, मूल्य-मान्यता, सामाजिक पहिचान तथा विविधताको मूल्य समावेश होओस् । अन्त्यमा, बहुआयामिक दृष्टिकोणअनुसार आदिवासी जनता, महिला, किशोरीहरूको परिचय बहमुखी छ भन्ने कुरालाई स्वीकार गर्नु पर्दछ । त्यसैगरी कसरी कानुन, स्वास्थ्य, शिक्षा, संस्कृति, धार्मिक, मानवशास्त्र, आर्थिक, विज्ञान, जागिर तथा अन्य पक्षले आदिवासी महिला तथा बालिकाको सामाजिक अनुभूति र अनुभवको निर्माण गर्नुका साथै यी विषयहरूले उनीहरू विरुद्धका भेदभावलाई निरन्तर रूपमा बढवा दिइरहेको छन् भन्ने विषयमा यी व्याख्या गरिएका दृष्टिकोण तथा मार्गहरू नै आदिवासी महिला तथा किसोरीहरुमाथि भइरहेको भेदभावलाई रोकथाम तथा निर्मूल गर्नुका लागि मुख्य भूमिका खेल्छन् । यसका साथै मानव अधिकारको उल्लङ्घन भएको क्षेत्र पहिचान गरी समाधान गर्दै सामाजिक न्याय प्राप्त गर्ने मार्गमा महत्वपूर्ण भूमिका खेल्नेछ ।

**(६)** विभेदलाई निस्तेज गर्न महासन्धिको धारा १ र २ अन्तर्गत आदिवासी महिला तथा किशोरीहरूको अधिकारका सम्बन्धमा साथै स्वैच्छिक रूपमा एक्लै बसेका वा प्रारम्भिक सम्पर्कमा रहेका सबै आदिवासीहरूको आत्मनिर्णयको अधिकार, भूमिसँगको उनीहरूको अन्योन्याश्रित सम्बन्ध र त्यसमाथि उनीहरूको पहुँच, प्राकृतिक स्रोत र साधनमा पहुँचका साथै सांस्कृतिक तथा वातावरणीय सम्बन्धलाई कडाइका साथ लागु गर्नु पर्नेछ । यस प्रकारको विभेद रोकथामसम्बन्धी महासन्धिअन्तर्गतका दफालाई निर्णय गर्ने तहकै नीति निर्माणमा आदिवासी महिला तथा किशोरीहरूका सहभागिता वा उनीहरूको प्रतिनिधि संगठनको प्रतिनिधित्वलाई सुनिश्चित गरी लागु गर्नु पर्नेछ । उनीहरूको जीवनमा प्रभाव पार्ने विधायिका, नीति नियम, प्रशासनिक कार्य लागु गर्नुपूर्व उनीहरू वा उनीहरूका प्रतिनिधि, संघ, संगठनसँग सोधिनु तथा मञ्जुरीपछि मात्र लागु गर्नु पर्नेछ । यस खालका अधिकारको जोडले आदिवासी महिलाहरूको सामूहिक तथा व्यक्तिगत अधिकार अन्तर्गत बहुपक्षीय समझदारीको आधारभूमि तयार पार्दछ । यी कुनै पनि अधिकार तथा यससँग सम्बन्धित अधिकारको हनन् तथा उल्लंघनलाई आदिवासी महिला तथा किशोरीहरूको अधिकारको हनन् मानिनेछ ।

**(७)** यी विस्तृत सुझाव कार्यान्वयन अन्तर्गत राज्य-पक्षसँग आदिवासी महिला तथा किशोरीहरूले खेप्नु परेको चुनौतीपूर्ण अवस्था उनीहरूले आफ्नो अधिकारको प्रयोग तथा रक्षा गर्दा सामना गर्नुपरेको चुनौती छन्, राज्य-पक्षलाई यस समितिले सुझाव तथा जानकारी गराउँदछ की, उनीहरू तल उल्लेखित विषयबाट अत्यन्तै प्रभावित तथा खतराको अवस्थामा छन् : जसअन्तर्गत वायुमण्डलीय परिवर्तन, वातावरणीय ह्रास, जैविक विविधता गुमाउँदै जानु, व्यापारी प्रयोजन

तथा नाफाका लागि गरिएका उत्खनन्, औद्योगिक कार्यबाट हावा, पानी, जमिन, पानीको मुहान, बाटो, समुद्र, आदिवासीको प्राकृतिक साधन स्रोतलाई प्रभाव पारिरहेका छ भने आदिवासी महिला तथा किशोरीहरूको अधिकारलाई मिच्दै र थिच्दै पनि गएको छ । आदिवासी महिला तथा किशोरीहरू स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा सफा, सुरक्षित तथा दिगो वातावरण उपलब्ध गराउनुपर्ने मागहरूमा अघिल्लो पंक्तिमा पर्दछन । वातावरणीय मानव अधिकारको संरणमा लागि परेका आदिवासी महिलाहरूमाथि अनेक प्रकारका अन्याय, अत्याचार, हत्या, हिंसा हुनुका साथै कार्यस्थलहरुमा उनीहरूले लगातार विभेद भोग्नु परिरहेको छ । त्यसैले राज्य-पक्ष, व्यापारी, उद्योगीहरूले ढिला नगरीकन सफा, सुरक्षित तथा दिगो वातावरण तथा नक्षत्रीय प्रणालीको संरक्षण र यसको सुनिश्चितताका निम्ति अविलम्ब उपायहरू लागु गर्नु पर्दछ । त्यसैगरी वातावरण तथा मानव अधिकारको सरक्षकका रूपमा रहेका आदिवासी महिलाहरूमाथि भइरहेको सबै प्रकारका हिंसा तथा निकट भविष्यमा आउन सक्ने सामाजिक, आर्थिक र वातावरणीय विनाशबाट समयमै जोगाउने दायित्व राज्य-पक्षको हो । यसैगरी राज्य-पक्षको दायित्व अन्तर्गत सम्बोधन गर्नैपर्ने विषयहरु-औपनिवेशिकता, नस्लवाद, सबै पहिचानलाई एउटैमा मिसाउने नीति, लिङ्गवाद, गरिबी, सशस्त्र द्वन्द्व, सैनिकीकरण, बलजफ्ती स्थानान्तरण, गुमाउँदो भूभाग र युद्ध-हतियारका रूपमा लैङ्गिक हिंसालाई प्रयोग गर्नु । यस प्रकारका खतरनाक मानव अधिकारविरुद्धका क्रियाकलापहरूले आदिवासी महिला, किशोरी तथा उनीहरूको समुदायलाई लगातार सिकार बनाइरहेका छन्, जसलाई सम्बोधन तथा रोकथाम गर्नु पर्नेछ ।

### (ii) उद्देश्यहरू तथा क्षेत्र

**(८)** यस समितिले उनीहरूको आफ्नो छुट्टै पहिचानलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरुप मान्यता प्रदान गर्दछ । साथै आदिवासी महिला तथा किशोरीहरूसम्बन्धी अधिकारको हकवालाका रूपमा अन्तर्राष्ट्रिय कानुनमा यसलाई निर्देशक-सिद्धान्त निर्धारण गर्ने विषयका रूपमा मान्यता दिन्छ, तापनि कतिपय आदिवासी महिला तथा बालबालिकाहरूले संरचनागत तथा प्रणालीगत नस्लीय विभेद, उपनिवेश र औपेनिवेशीकरणका कारण आफ्नो यथार्थ अवस्थालाई बताउन चाहँदैनन् । यी आम सिद्धान्तहरू तथा महासन्धिअन्तर्गतका अधिकारहरू सबै आदिवासी महिला तथा किशोरीहरू चाहे उनीहरू देशभित्र वा बाहिर आफ्नो भूभाग वा अन्य बसाइँ सरेको अवस्था, स्वैच्छिक वा बलपूर्वक बाध्यकारी शरणार्थीको अवस्था वा आफ्नो ठाउँबाट निकाली वा राज्यविहीन सबै अवस्थामा यो लागु हुनेछ ।

**(९)** मनोवैज्ञानिक, शारीरिक, यौनिक, आर्थिक, धार्मिक, राजनीतिक तथा वातावरणीय, लैगिक हिंसाले आदिवासी महिला तथा किशोरीहरूको जीवनमा नराम्रो प्रभाव पारेको छ । आदिवासी

महिलाहरू प्रायः घरभित्र, काम गर्ने ठाउँ, सार्वजनिक ठाउँ तथा शिक्षालयहरूमा हिंसाको सिकार हुनुपरेको छ । विशेषतः यस खालका हिंसाहरू स्वास्थ्य सेवा प्राप्त गर्ने बेला, बाल कल्याणकारी संस्थाको सञ्चालन गर्दा आदिवासी महिला तथा किशोरीहरू सधैँ बलात्कारको खतरा, लैंङ्गिक हिंसा, छोरीको हत्या गर्ने प्रचलन, अपहरण, बेपत्ता पारिनु, दासत्वमा राखिनु, व्यक्ति विशेषलाई बेचविखन गर्नु, शोषणको जालोमा पिसिनु, जसमा यौनकर्मी महिलाको रूपमा शोषित हुनु, यौनदासी बनाउनु, जबर्जस्ती मजदुरी गराइनु, खतरनाक गर्भधारण, राज्यले लादिएका गर्भ निरोधक, गर्भाशयभित्र राखिने उपकरणसम्बन्धी नीति, यसैगरी असुरक्षित, अस्वास्थ्य, अत्यन्त कम ज्यालामा राखिने घरेलु कामदारजस्ता अनेक रूपमा शोषित तथा उत्पीडित छन् । त्यसैगरी यस समितिको विशेष ध्यान ती अपाङ्गता भएका मानिस, जनजाति महिला तथा किशाोरीहरूप्रति गरिने भेदभाव तथा हिंसाविरुद्ध जानेछ ।

(१०) यस समितिले राज्य-पक्षलाई आदिवासी महिला तथा किशोरीहरू, जसले लैङ्गिक हिंसा तथा विभेद खेपिरहेका छन्, तिनीहरूको दुरुस्त तथ्याङ्क संकलन गरी वास्तविक अवस्थाको जाँच पड्ताल गर्ने कार्य अवलम्बन गर्न माग गर्दछ । राज्यले उनीहरूको अव्यवस्थित, छरपस्ट तथ्याङ्कहरू जस्तोः लिङ्ग र उमेरका आधार, आदिवासी पुर्खा हुनु, सामाजिक मर्यादा, अपाङ्गतामा आधारित तथ्याङ्क संकलन गर्नु राज्य-पक्षको जिम्मेवारी हुन आउँदै छ । उक्त तथ्याङ्क संकलन गर्दा आदिवासी महिला तथा उनीहरूका संघसंस्था, शैक्षिक संस्था, सेवामूलक संस्थाहरूसँग सहकार्य गरी तयार पार्नुपर्ने हुन्छ । यो समिति के कुरालाई विशेष जोड दिन्छ भने उक्त तथ्य संकलन गर्ने पद्धति, तथ्याङ्क संग्रह गर्ने, त्यसका व्याख्याका साथै प्रयोग र साझेदारी गर्ने कार्यमा आदिवासी जनताको मुख्य भूमिका रहनु पर्दछ ।

(११) आदिवासी महिला तथा किशोरीहरूविरुद्ध हुने भेदभावको मुख्य कारण उनीहरूको आत्मनिर्णयको अधिकारको जानकारी नहुनु, आत्मनिर्णयसम्बन्धी निश्चित गरिएका अधिकारहरू व्यवहारमा लागु गर्ने कार्यको कमी हुनु र यसले गर्दा उनीहरूको भूमि, भौगोलिक क्षेत्रको अधिकार, प्राकृतिक साधन स्रोतको अधिकारबाट निरन्तर बञ्चित गराउँदै लगिनु हो । यो समिति के कुरालाई स्वीकार गर्दछ भने आदिवासी महिलाहरूको पहिचान संस्कृति, धर्म, पुर्ख्यौली ज्ञान तथा उनीहरूको अस्तित्व निर्माणमा उनीहरूको भौगोलिक क्षेत्रसँगको सम्बन्ध गहिरो गरी जोडिएको हुन्छ । आदिवासी महिलाहरूले उनीहरूको भूभाग, भूमिसँगको अधिकारअन्तर्गत कानुनी सुनिश्चितताको अभाव भोगिरहेका छन् । त्यसैगरी अस्तित्वमा रहेका कानुनी व्यवस्थाहरूको कार्यान्वायन प्रक्रिया कमजोर हुनाले उनीहरूले सामूहिक अधिकारको उपयोगबाट वञ्चित भइरहनु परेको छ । राज्य तथा तेस्रो पक्षले बारम्बार संरचनाहरूको विकास गर्दा, लगानी गर्दा, खानी खन्दा, संरक्षण गर्दा जलवायु परिवर्तनको अनुकूलता लागु गर्दा, उत्खनन्

तथा रुखहरू कटानी तथा रोप्दा यससँग सम्बन्धित तथा आदिवासी समुदायको मञ्जुरीबेगर तथा उनीहरूको यसमा संलग्नतालाई सुनिश्चित नगरीकन कार्य गर्दै गइरहेको छ । त्यसैले यो समिति आदिवासी महिला तथा किशोरीहरूको आत्मनिर्णयको अधिकार तथा उनीहरूको स्वशासन गर्ने क्षमता, स्वतन्त्र र स्वनिर्णय गर्ने क्षमता उनीहरूको जीवनको योजना र स्वास्थ्यसम्बन्धी अधिकारलाई मान्यता प्रदान गर्दछ ।

**(१२)** यो समिति यस तथ्यलाई स्वीकार गर्दछ कि आदिवासी महिला तथा किशोरीहरू प्रभुत्वशाली संस्कृतिमा एकीकरण गर्ने नीतिका विरुद्ध संघर्षरत छन् । यसैगरी ठूलो रूपमा गरिएका मानव अधिकार हननविरुद्ध निरन्तर संघर्षरत छन्, जसलाई एक निश्चित प्रकारको नरसंहारको उदाहरणको रूपमा लिन सकिन्छ । त्यसैगरी केही प्रभुत्वशाली संस्कृतिमा मिसाएर लैजाने नीतिहरू विशेषतः बाध्यकारी, आवासीय स्कूलहरू तथा संघ संगठनमा राखिनु र विकासको नाममा उनीहरूलाई आफ्नै थातथलोबाट टाढा पारिनुजस्ता कार्यले आदिवासी महिला तथा किशोरीहरुलाई बेपत्ता पार्ने, हत्या गर्ने, यौन हिंसा, मानसिक हिंसामा परिणत हुँदै गएको छ । समग्रमा यस प्रकारको नीतिले उनीहरूको सांस्कृतिक कत्लेआम हुने सम्भावनालाई बढावा दिन्छ । राज्य-पक्षले ऐतिहासिक रुपमा अन्यायमा पारिँदै आएका आदिवासी समुदायका यी मुद्दा तथा चुनौतीपूर्ण अवस्थालाई सम्बोधन गर्नुपर्ने गम्भीर आवश्यकता छ । यसैगरी यी विभेदकारी नीति तथा कार्यले प्रभावित समुदायलाई राज्य-पक्षले सहयोग तथा क्षतिपूर्ति दिनुपर्दछ । यी कार्यहरू भनेका आदिवासी महिला तथा किशोरीहरु माथि भइरहेका लैङ्गिक विभेद तथा हिंसाबाट मुक्त एउटा न्यायपूर्ण मेलमिलापपूर्ण समाजको निर्माणमा एउटा महत्वपूर्ण भाग हो । यो समितिले महत्वका साथ के कुरामा जोडदिन्छ भने राज्य-पक्षलेले तुरुन्तै शहरमा रहने आदिवासी महिला तथा किशोरीहरूको अधिकार रक्षाका लागि लागु गर्ने कार्यहरू सुरु गरिहाल्नु पर्छ, किनकि शहरमा उनीहरूले ज्यादा भेदभाव अन्य पक्षसँग मिसिएर काम गर्नुपर्ने अवस्था त्यसप्रकारको नीतिहरू तथा लैङ्गिक हिंसाको सामना गर्नुपर्ने हुन्छ ।

## (iii) कानुनी रूपरेखा

**(१३)** आदिवासी महिला तथा किशोरीहरूको अधिकार अभिसन्धि अन्तर्गत पर्दछ भने पछिगएर यी अधिकारहरू यस समितिको आम सुझावहरूमा विकसित भयो । त्यसैगरी आदिवासी समुदायको अधिकारको संरक्षणसम्बन्धी कानुनी पत्रहरू जस्तैः आदिवासी समुदायको अधिकारको संयुक्त राष्ट्र संघको घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि (ILO 1989) क्रमसंख्या १६९, जसले आदिवासी जनजातिको स्वतन्त्र भूभाग, कार्यक्षेत्रको अधिकार समावेश गरेको छ । यस समितिले महिलाहरूविरुद्ध सबै खाले भेदभाव उन्मूलन सम्बन्धी महासन्धिअन्तर्गत राज्य-पक्ष तथा यसका दायित्वहरूलाई व्याख्या गर्दा यो महासन्धि आदेशात्मक कानुनी रूपरेखाको

मान्यता प्रदान गर्दछ । यस महासन्धिले मान्यता प्रदान गरेका सबै अधिकारहरू आदिवासी महिलाहरूसँग सम्बन्धित छन् । उनीहरू आदिवासी समुदायका सदस्यहरू हुन् वा व्यक्तिगत रूपमा होस्, सबै महासन्धिले उनीहरूविरुद्ध हुने सबै भेदभावलाई अन्त्य गर्ने अधिकारहरूका रूपमा सुनिश्चित गरेको छ । त्यसैगरी अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धिमा मुख्यगरी आदिवासी महिला तथा किशोरीहरूको अधिकारलाई संरक्षण प्रदान गरिएको छ ।

**(१४)** आदिवासी किशोरीहरूको अधिकारलाई सम्बोधन गर्दा यस समितिले आम व्याख्या नं. ११(२००९) लाई सन्दर्भको रूपमा आदिवासी किशोरीहरूको अधिकारलाई लिन्छ, जसमा आदिवासी किशोरीहरूको हक अधिकारको व्याख्या गरिएको छ । राज्य-पक्षको अहम् दायित्व भनेकै आदिवासी किशोरीहरूलाई सबै प्रकारका भेदभावहरूबाट संरक्षण प्रदान गर्नु हो । आदिवासी किशोरीहरूले उनीहरूको भूभाग, संस्कृति, सफा तथा सुरक्षित वातावरणको पूर्ण उपभोग गर्नका निम्ति राज्य-पक्षले उनीहरूको नेतृत्व विकासका साथै प्रभावकारी संलग्नताका लागि उपयुक्त वातावरण निर्माण गरी उनीहरूलाई सक्षम तुल्याउनु महत्वपूर्ण दायित्व हो । महिलाहरूविरुद्धका सबै भेदभाव उन्मूलन गर्ने यस समितिले के कुरालाई मान्यता प्रदान गर्दछ भने आदिवासी किशोरीहरू भनेका आदिवासी महिलाका रूपमा विकसित हुँदै जाने प्रक्रियामा हुन्छन् । त्यसैले उनीहरूको यो विकासक्रममा राज्यको दायित्व महत्वपूर्ण हुन्छ । जस्तोः आदिवासी किशोरीहरूको मुख्य इच्छा, चाहाना, रुचि र आवश्यकताअनुरूप वा सुहाउँदो खाले नीतिहरू राज्य-पक्षले निर्माण गर्दै उनीहरूलाई योग्य तथा सक्षम नागरिकको रूपमा तयार पार्ने वातावरण प्रदान गर्नु पर्दछ ।

**(१५)** महिला विरुद्धका सबै प्रकारका भेदभावहरू निर्मूल पार्ने महासन्धिलाई व्याख्या, विश्लेषण गर्दा २०३० को दिगो विकास एजेन्डा (मुद्दा) सँग जोडेर र यसलाई मध्यनजरमा राखेर गर्नु पर्दछ, जसअन्तर्गत राज्य-पक्षले के कुरामा सहमति गरेको छ भने महिलाहरूलाई सशक्तीकरण गर्ने र लैङ्गिक समानताको उपलब्धि हासिल गर्ने महत्वपूर्ण कार्यले नै दिगो विकास तथा गरिबी निवारणलाई सम्भव तुल्याउँछ । बेइजिङ घोषणा-पत्र तथा (कार्यान्वयनका निम्ति मञ्च) यो विस्तृत सुझावका लागि एउटा महत्वपूर्ण सन्दर्भसामग्री तथा मार्गदर्शनको रूपमा रहेको छ । त्यसैगरी यस समितिले अर्को सन्दर्भ घोषित नीतिमा महिलाहरूको अवस्था (स्थिति) विशेषतः “आदिवासी महिलाहरूसँग सम्बन्धित उनीहरूको अवस्थालाई उजागर गर्ने महिलाहरूको अवस्था” नामक समितिको निचोडलाई लिएको छ ।

**(iv) आदिवासी महिला तथा किशोरीहरूको अधिकार सम्बन्धमा महासन्धिको धारा १ र २ अन्तर्गत राज्य-पक्षको दायित्व :** महासन्धिको धारा १ र २ अनुरूप आदिवासी महिला तथा किशोरीहरूको अधिकार सम्बन्धमा राज्यका दायित्वहरू ।

**(क) आदिवासी महिला र किशोरीहरू तथा भेदभादका विविध रुपहरुमा ध्यान केन्द्रित समानता र भेदभाव रहित समाज :**

**(१६)** भेदभाव रोकथाम सम्बन्धी महासन्धिको दफा १ र २ आदिवासी महिला तथा किशोरीहरूको अधिकारका निम्ति लागु हुन्छ। साथै, वर्तमान सन्दर्भमा घोषणामा लेखिएका विषयहरू, महासन्धिका विषयहरूलाई व्याख्या विश्लेषण गर्दा आधारभूत रूपमा नै महत्वपूर्ण छन्। भेदभाव, रोकथाम तथा निरोध एउटा महत्वपूर्ण खम्बा हो। त्यसैगरी आधारभूत सिद्धान्तहरूका रूपमा अन्तर्राष्ट्रिय मानव अधिकार कानुन, आदिवासी महिलाहरूलाई तलका सबै विभेदबाट मुक्त गराउनु अर्को महत्वपूर्ण आधाभूत विषयहरू हुन्, जस्तैः उनीहरूमाथि गरिने भेदभावहरू उनीहरूको मूलथलोका आधारमा, पहिचान तथा पारिस्थितिक, जाति-जनजातीय आधार, अपाङ्गता, उमेर, भाषा, सामाजिक-आर्थिक अवस्था, एचआईभी/एड्स रोगको अवस्थालाई हेरेर गरिने विभेदहरु।

**(१७)** आदिवासी महिला तथा किशारीमाथि हुने विभेद तथा यसको प्रभावलाई वैयक्तिक तथा सामूहिक दुबै कोणबाट बुझ्नु पर्दछ। व्यक्तिगत कोणबाट आदिवासी महिला तथा किशारीहरू अन्तरसम्बन्धित तथा बहुपक्षीय भेदभावबाट पीडित छन्, यस प्रकारका भेदभावको नीतिलाई दुबै राज्य-पक्ष तथा गैरसरकारी वा निजी क्षेत्र दुबैतिरबाट बढावा दिइरहेका छन्। यस प्रकारको भेदभाव लिङ्गका आधार, उमेर, आदिवासी मूलथलो, अपाङ्गता, जनजातीयता, पहिचान, भाषा, धर्म, आर्थिक सामाजिक योग्यता, विभेदकारी परम्परा, सीमान्तकृत आदि। यस प्रकारका हिंसाहरू एकअर्कामा जोडिएका छन र यी सबै प्रकारका हिंसाहरूलाई एक वा अर्को रूपमा आदिवासी महिला तथा किशारीहरूले भोगिरहेका छन्। भेदभाव तथा लैङ्गिक हिंसाले व्यक्तिगत स्वशासन, वैयक्तिक स्वतन्त्रता, सुरक्षा, आदिवासी महिलाहरूको ईमान तथा जमान दुबैलाई चुनौती दिन्छ। यसैगरी यसले सामूहिक समुदायको सामुहिक हितलाई पूर्णरुपले हानि पुऱ्याउँदछ। यो विस्तृत सुझावको नं. २९ (२०१३) मा आर्थिक अवस्थाका कारण, विवाह, पारिवारिक सम्बन्ध अन्त्य हुँदै गइरहेको कुरालाई उल्लेख गरिएको छ, जसले गर्दा व्यक्तिगत रुपमा आदिवासी महिलाहरू, विचारको रूपमा परम्परागत, आदिवासी मूलथलो, संस्कृति धर्म, चालचलन रितिरिवाजहरू र यसका व्यावहारिक पाटोबाट पीडित हुन्छन्। अझ अगाडि आदिवासी महिलाहरू साथसाथै अपाङ्गताको अवस्थाका महिलाहरू जथाभावी रूपमा निस्कासित हुनुपर्ने र उनीहरूका बालबच्चाहरूले प्रायः अपहरणको मार खेप्नु परिरहेका छन्।

लैङ्गिक पक्षपातपूर्ण निर्णय तथा भेदभावका कारण आफ्नो बच्चाहरूको हेरचाह गर्ने विषयमा पनि उनीहरू पीडित भइरहेका छन्, चाहे उनीहरू विवाहित होऊन् या अविवाहित, अथवा

पारपाचुकेपछि प्राप्त हुने सुविधाहरूको भोग चलनमा होस्, आदिवासी महिला तथा किशारीहरू व्यक्तिगत रुपमा उनीहरूको जीवनचक्रभरि सबै विभेद तथा मानव अधिकार हनन्बाट सुरक्षित हुनु पर्दछ। साथै, आफ्नो जीवनको योजनाहरू र बाटोहरू स्वतन्त्रपूर्वक जिउन पाउनु पर्दछ।

**(१८)** यसको सामूहिक वा सामुदायिक पक्षबाट हेर्दा, आदिवासी महिला तथा किशारीहरू, दुबै उनीहरूमाथिको हिंसा तथा भेदभावको कारण, उनीहरूको जीवनशैली, आफ्नै, आत्मिक, आफ्नो समुदायसँगको सम्बन्ध, धर्तीसँगको सुमधुर सम्बन्ध, सांस्कृतिक घनिष्ठता/निकटता र अस्तित्व खलबलिनुका साथै चुनौतीहरुको सामना गरिरहेका छन्।

यस प्रकारको लैङ्गिक हिंसाले आदिवासी समदायको ज्ञान, संस्कृति, दृष्टिकोण, पहिचान उनीहरूको परम्परालाई नराम्रोसँग प्रभाव पारेको छ।

**(१९)** आत्मनिर्णयको अधिकार, पुर्ख्यौली भूमि र साधन स्रोतमा उनीहरूको सामुदायिक अधिकारको सुरक्षा सम्बन्धीअधिकार कार्यान्वयन गर्न उनीहरूसँग सम्बन्धित विषयको निर्णय गर्ने ठाउँमा उनीहरूको प्रभावकारी पहुँच तथा उनीहरूको मञ्जुरी लिने कार्यहरू व्यवहारमा लागु गर्नुपर्ने कार्यको असफलताले आदिवासी महिलाविरुद्धको भेदभाव रोक्न नसक्दा उनीहरू तथा उनीहरुको समुदायलाई नराम्रो असर पुऱ्याएको छ। सामूहिक वा समूहको हितको खोजी गर्दा आदिवासी माहिला तथा किशोरीहरूको वैयक्तिक अधिकारलाई कहिले पनि नकार्न हुँदैन वा उल्लङ्घन गर्नु हुँदैन किनकि यिनीहरु दुबै उनीहरूको मानव अधिकार क्षेत्रभित्रका अभिन्न अङ्ग हुन्।

**(२०)** आदिवासी महिला तथा किशोरीहरूविरुद्धका भेदभावहरूलाई लैङ्गिक तथा अन्ध विश्वास धारणाहरूले बढावा दिइरहेको छ भने अर्कोतिर औपनिवेशिकवाद र सैनिकीकरणले नस्लीय विभेदका रूपहरूलाई बढावा दिएको छ। यी अन्तपर्क्षीय विभेदहरू परोक्ष वा अपरोक्ष रूपमा कानुन तथा नीति निर्माण तहमा देखा परिरहेको छ, जसले आदिवासी महिला तथा किशोरीहरूको भूमि उपभोग गर्ने र यसमाथि उनीहरूको प्रभुत्व कायम राख्ने आफ्नो थातथलो उपयोग गर्न पाउने अधिकार, त्यसैगरी आयआर्जन गर्ने अवसर, बैंक तथा विभिन्न संस्थाहरूमा उनीहरूको पहुँच तथा उपभोग गर्ने अधिकारमाथि अवरोध पुऱ्याएको छ।

यी अन्तरसम्बन्धित तथा बहुरूपी कारणहरूले उनीहरूको भूमिमाथिको सामूहिक तथा पारस्परिक स्वामित्व सहयोग तथा प्रयोगको मान्यता तथा संरक्षण गर्ने कार्यलाई बाधा पुऱ्याएको छ। आदिवासी महिलाहरूको भूमिमाथिको स्वामित्वको अधिकारमाथि कानुनी संरक्षणको अभाव हुनुको परिणाम उनीहरू स्वामित्वविहीन, विस्थापित भएर एकै ठाउँमा

थुनिनु, लुटिनु र शोषित हुनु परेको छ । आदिवासी जनताको भौगोलिक क्षेत्रको कानुनी क्षेत्राधिकार तथा स्वामित्वको कमीले गर्दा उनीहरूलाई कमजोर अवस्थामा पुऱ्याएको छ । परिणाम- राज्य-पक्ष तथा गैरराज्य-पक्ष दुवैले आदिवासी जनताको विनापूर्वजानकारी गैरकानुनी रूपमा विकाससम्बन्धी योजना लागु गर्ने तथा अतिक्रमण गर्ने काम भएका छन् । आदिवासी महिला तथा किशोरीहरू अझै विशेष रूपमा अपाङ्गता भएका, विधवा, घरमुली, टुहुरीहरूले त झन भूमिमाथिको अधिकार तथा पहुँचलाई चुनौतीको रूपमा भोग्नु परेको छ । यसकारण उनीहरूले जीविकोपार्जन गुमाउँदै जानु, उनीहरूको संस्कृतिमा संकट आउनु, उनीहरूको वातावरणसँग गाँसिएको सम्बन्ध, उनीहरूको स्वच्छ हावा, पानी तथा स्वास्थ्यको सुरक्षासम्बन्धी पहुँचलाई गुमाउँदै गएका छन् ।

**(२१)** महासन्धिको धारा १५ अन्तर्गतको संसारभरिका आदिवासी महिला तथा किशोरीहरूले समानताको कानुनी अधिकार अझै उपभोग गर्न पाएका छैनन् । संसारका धेरै भागमा अझै पनि आदिवासी महिलाहरूले आफ्नो श्रीमान् वा पुरुष अविभावकविना स्वतन्त्रतापूर्वक सम्पत्तिको नियन्त्रण तथा सम्झौताहरूलाई आधिकारिता दिने क्षमताको पूर्ण विकास गरेका छैनन् । उनीहरूले स्वामित्व लिने विषय, आफ्नो नियन्त्रण गर्ने, जमिनको पैतृक अधिकारलाई नियन्त्रण गर्ने कार्यमा विभिन्न चुनौतीको अनुभव गरेका छन् । अझ विशेषगरी आफ्नो परिवारको हेरचाह स्वयम्ले गर्नुपरेका ती विधवाहरूलाई झन् बढी संकटको अनुभूति भएको अवस्था छ । उत्तराधिकारी (हकवाला) सम्बन्धी कानुन, राज्य तथा आदिवासी कानुनी व्यवस्था दुबैले आदिवासी महिलामाथि निरन्तर भेदभाव गरेको छ । अपाङ्गता भएका आदिवासी महिलाहरूले सामान्यतया अनुभव गर्नुपरेको विषय भनेको कानुनी क्षमताको प्रयोगमा हिचकिचाहट वा अस्वीकार हो, जसले गर्दा उनीहरूमाथि थप मानव अधिकारको हनन् हुन जान्छ । साथै, उनीहरूको न्यायमा पहुँचमा कमी, संस्थागत हिंसा, बलपूर्वक गरिने गर्भपतन, मानव अधिकारविरुद्धका कार्यलाई प्रोत्साहित गर्न महासन्धिको धारा ९ विपरीत धेरैजसो व्यवहारहरू अझै आदिवासी महिला तथा बालिकाहरूकाविरुद्ध छन् । यो विषय भनेको आदिवासी महिलाहरू गैरआदिवासी पुरुषसँग विवाह गर्दा उनीहरूबाट जन्मने बच्चाहरूको परिस्थितिको सवालमा (बच्चाहरूमा पुस्तान्तरण हुने जनजातीय तथा आदिवासी दर्जा) अझै विभेदपूर्ण छ, जसले गर्दा यस प्रकारका कानुनहरूले पुस्तौं-पुस्ता विभेद भइरने तथा उनीहरुलाई जबरजस्ती संस्कृतिविहीन गराउने परिणाम निकाल्छ, जुन कार्य महासन्धिको धारा १ मा व्याख्या गरिएको व्याख्या क्षेत्रअनुसार यसलाई भेदभाव भनिन्छ । त्यसकारण राज्यले आदिवासी महिला तथा किशोरीहरुले आफ्नो इच्छाअनुरूप राष्ट्रियता कायम राख्ने वा त्याग्ने अधिकारको सुनिश्चितता अनिवार्य लागु गर्नु पर्दछ । त्यसैगरी उनीहरूको आत्मनिर्णयको अधिकार तथा सो पहिचानको अधिकारको एउटा हिस्साको रूपमा उनीहरूको आदिवासी जनजाति दर्जालाई

उनीहरूका श्रीमान् तथा सन्तानहरूमा हस्तान्तरण गर्ने र यस विषयमा जानकारी प्राप्त गर्ने आधिकारको सुनिश्चितता राज्य-पक्षले अनिवार्य गर्नु पर्दछ ।

**(२२)** ग्रामीण आदिवासी महिलाहरूको अधिकार सम्बन्धमा यस समितिको विस्तृत सुझाव नं. ३४ (२०१६) ले आदिवासी महिलाहरूको सामूहिक स्वामित्व, भूमिमाथिको अधिकार, मत्स्य-पालन, जङ्गल, बिउबिजन, प्राकृतिक स्रोतहरू, जललाई विशेष महत्वका साथ व्याख्या गरेको छ । यी विस्तृत सुझावहरू महासन्धिको दफा १४ अन्तर्गत पर्दछन् ।

आदिवासी महिलाहरूमा आफ्नो समुदायको सदस्यको रूपमा प्राप्त हुने अधिकारलाई सुनिश्चित गरिएको छ । अन्तर्राष्ट्रिय घोषणापत्र र यससँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनको मूल्य-मान्यताले माथिका यी अधिकारहरूको मुख्य बाधक भनेको राष्ट्रिय कानुनहरू अन्तर्राष्ट्रिय कानुनसँग असंगतिपूर्ण हुनु हो । जस्तोः राष्ट्रिय तथा स्थानीय तहमा यी कानुनको प्रभावहीन कार्यान्वयन, लैङ्गिक, विभेदपूर्ण पुराना चलनहरू (विशेषतः ग्रामीण क्षेत्रहरूमा) राजनीतिक इच्छा शक्तिको कमी तथा भूमि तथा प्राकृतिक स्रोत साधनहरूको व्यापारीकरण गर्नु, सम्पत्तिकरण गरिनु आदि । त्यसैगरी अन्य बाधामध्ये पुरानै बाधकहरूमा आदिवासी परम्परागत कानुन र नारीहरूलाई घृणा तथा हेप्ने प्रवृति हो ।

अपाङ्गता भएका आदिवासी महिलाहरूले प्रायः परस्पर जेलिएका, बहुरूपी तथा बहुपक्षीय भेदभाव भोग्नु परेका छन्, जसमा उनीहरूको लिङ्ग, अपाङ्गता हुनु, आदिवासी उद्भव र पहिचान आदि हुनु नै मुख्य रूपमा पर्दछन् । यस प्रकारका विभेदहरूको प्रभाव उनीहरूको पूर्ण कानुनी क्षमता प्रयोगमा हिचकिचाहट तथा इन्कारीमा प्रतिविम्बित हुन्छ, जसले उनीहरूमाथि थप शोषण हिंसा र व्यभिचारलाई बढाउने खतरा रहन्छ । यस प्रकारका खतरा उनीहरूको भूमिमाथिको अधिकार भौगोलिक साधन स्रोतमा पनि पर्न जान्छ । साथै यस प्रकारले परस्पर जेलिएका तथा बहुपक्षीय विभेदका विभिन्न रूपहरू छन्, जस्मा समलिङ्गी, उभयलिङ्गी, देहोरोलिङ्गी, तेस्रोलिङ्गी, अन्तरलिङ्गीय यसको प्रभाव आदिवासी महिला तथा किशोरीहरूको जीवनमा डिजिटल, इन्टरनेट, सोसल मिडिया तथा सवै प्राविधिक क्षेत्रहरुमा  पनी परेको छ ।

**(२३)** राज्य-पक्षलाई यस समितिका सुझावहरू :

(क) आदिवासी महिला तथा किशोरीहरूविरुद्धका भेदभाव उन्मूलन गर्नका निम्ति राज्यले बृहत् नीतिहरूको विकास गर्नुपर्ने, यी नीतिहरूमा आदिवासी भूभागभित्र या बाहिर बसेका आदिवासी महिलाहरूलाई प्रभावकारी सहभागितामा ल्याउनु पर्नेछ, जसमा आदिवासी समुदाय साझेदारी गरी काम गर्न चाहन्छन् भन्ने विषयलाई केन्द्रबिन्दुमा राखेर नीति बनाइनु पर्दछ । आदिवासी महिला तथा किशोरीहरूले बहुपक्षीय भेदभावहरूको सामाना गर्नुपरेको उक्त विषयलाई

नीतीहरूमा संलग्न गर्नु पर्दछ । यस प्रकारका विभेदका प्रकारहरूमा अपाङ्गता भएका तथा वृद्धाहरू फरक रङ र स्वरूपमा जन्मिएकाहरू, जस्तैः (Albinism), समलिङ्गी, दोहोरोलिङ्गी, अन्तरलिङ्गी, गरिबीमा बाँच्नु परेका महिला तथा किशोरीहरू, बाध्यकारी रुपमा ग्रामीण तथा शहरिया क्षेत्रमा बसोवास गरेका, शरणार्थी भएकाहरू, देशभित्र वा बाहिर बसाइँ सरेका महिलाहरू, विधुवा तथा बालिकाहरू, घरमुलीका रूपमा जिम्मेवारी सम्हालेका महिलाहरू, टुहुरा-टुहुरी बालबालिकाहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वको सामना गर्नु परेकाहरूको राज्य-पक्षले यिनीहरूको तथ्याङ्क संकलन गर्नुपर्छ । साथै, ती तथ्याङ्कहरूलाई उमेर तथा माथि उल्लिखित वर्गहरू छुट्टाएर राख्नु पर्दछ, जसले आदिवासीहरूको तथा यस समुदायको भाषा तथा संस्कृतिको सम्मान तथा संरक्षण हुन्छ ।

(ख) आदिवासी महिलाहरू तथा किशोरीहरूसँग सम्बन्धित आवधिक प्रतिवेदन तथा जानकारी उपलब्ध गराउनुपर्ने विषय र शीर्षकहरूमा विधायिका, न्यायिक निर्णयहरू, प्रशासनिक, बजेट तथा अनुगमन र मूल्याङ्कन सम्बन्धी मापदण्ड तथा उपायहरु, परिणामहरु यस समितिलाई उपलब्ध गराउनु पर्ने ।

(ग) आदिवासी महिलाहरू सम्झौताका निम्ति योग्य छन् भन्ने सवाल, सम्पति राख्न पाउने, यसको सञ्चालन गर्न पाउने विषय, कानुनका अगाडि समान तथा सक्षम छन् भन्ने कुराको सुनिश्चितता गरिनु पर्दछ । अपाङ्गता भएका तथा कमजोर आदिवासी महिलाहरूको हकमा पनि कानुनी सबल मान्यता तथा कानुनी अधिकार प्रयोग गर्ने संयन्त्र तथा सहयोग प्रणालीबाट न्यायिक समानताको सुनिश्चित गरिनु पर्दछ ।

(घ) आदिवासी महिला तथा किशोरीहरूको जमिन, जल तथा प्राकृतिक साधन स्रोतमाथि पूर्ण अधिकारको सुनिश्चितता संविधानमा नै स्वीकृत गरिनु पर्छ । साथै, उनीहरूको सफा, स्वस्थकर दिगो वातावरणमाथिको अधिकारको सुनिश्चितता, कानुनका नजरमा समान अधिकारको भागीदारका रूपमा सम्मान तथा स्वीकृति प्रदान गरिनुका साथै ग्रामीण तथा शहरी क्षेत्रमा बसोबास गर्ने आदिवासी महिलाहरूको स्वामित्व, मान-सम्मान, उपाधि, जल-जमिन, मत्स्य उद्योग, माछापालनका साथै अन्य स्रोतहरू, जो उनीहरूले स्वामित्व प्राप्त गरी, ओगटी र भोग चलन गरेकालाई माथि उल्लिखित क्षेत्रको स्वामित्वमा समान पहुँच हुने परिस्थितिको सुनिश्चतता गरिनु पर्दछ । त्यस किसिमको सुनिश्चितताले आदिवासी महिलाहरूलाई भेदभाव तथा स्वामित्वविहीन अवस्थाबाट सुरक्षा प्रदान गर्दछ ।

(ङ) महासन्धिमा उल्लेख गरिएअनुसार आदिवासी महिला तथा किशोरीहरूको हक अधिकारको दाबी तथा उपभोगसम्बन्धी सूचना तथा जानकारीहरू अधिकतम पहुँच, मौजदा कानुनअनुसार उपभोग वा प्राप्त गर्न पाउनु पर्ने वातावरणको सुनिश्चितता गर्नुपर्ने । उक्त सूचना तथा

जानकारीहरूको पहुँच उनीहरूले बुझ्ने गरी उनीहरूकै भाषा तथा सांस्कृतिक स्वरुप तथा सुहाउदो ढाँचामा हुनुपर्ने । जस्तैः उदाहरणका निम्ति सामूहिक रेडियो आदिद्वारा प्रसारण हुनुपर्ने । यस प्रकारका सूचना तथा जानकारीहरू अपाङ्गता भएका (जस्तोः दृष्टिविहीन) ले बुझ्ने गरी उपलब्ध गराउनु पर्दछ । (जस्तोः सजिलै पढ्न सकिने ब्रेल पुस्तक, लेख्न सकिने जस्तै सांकेतिक भाषा तथा यस्तै अन्य तरिकाहरू) ।

(च) राज्य-पक्ष तथा गैरराज्य-पक्ष दुवैतिरबाट आदिवासी महिला तथा किशोरीहरु विरुद्ध भइरहेको भेदभाव तथा हिंसाबाट सुरक्षित रहने कुराको प्रत्याभूति वा सुनिश्चतता गरिनु पर्ने, त्यसैगरी व्यापार, कम्पनीहरू विशेषगरी राजनीतिक क्षेत्रमा उनीहरूको सहभागिता प्रतिनिधित्व, शिक्षा, रोजगार, स्वास्थ्य, सामाजिक संरक्षण, राम्रो खाले काम, न्याय तथा सुरक्षा, आफ्नै भूगोलमा होस् वा त्यसभन्दा बाहिर, हरेक क्षेत्रमा र अवस्थामा उनीहरूको हक अधिकारको सुनिश्चितता राज्य-पक्षले गर्नु पर्दछ । उनीहरूको जल, जमिन, भूगोल, प्राकतिक साधन स्रोत, बौद्धिक सम्पत्ति, विज्ञान प्रविधि, आदिवासी ज्ञान, सीप, आनुवांशिक जानकारी तथा सूचनाहरू, सांस्कृतिक धरोहरलाई कानुनी रूपमै सम्बोधन तथा स्वीकृति प्रदान गर्नका निम्ति प्रभावशाली उपाय तथा नीतिहरू लागु गर्नु पर्दछ । त्यसैगरी उनीहरूको आत्मनिर्णयको अधिकार पूर्वसूचना दिएपछिको मञ्जुरी, उनीहरूको स्वतन्त्र जीवन जिउने तरिका वा प्रभावकारी संलग्नता, आदिवासी महिला तथा बालिकाहरूमध्येबाट पनि विशेषतः अति सीमान्तकृत समूह, अपाङ्गता भएकाहरूको जीवनमा प्रभाव पार्ने क्षेत्र तथा विषयमा उनीहरूको संलग्नताजस्ता विषयहरूमा राज्य-पक्षले पहलकदमी लिँदै उक्त अधिकारहरूको सम्मान तथा सुरक्षाको सुनिश्चितता गर्नु पर्दछ ।

आदिवासी जनसमुदायको संस्कृति तथा अन्य अधिकारको पहिचानलाई हानि पुऱ्याउने तथा निहित स्वार्थ प्रयोजनका लागि गरिने कार्यहरु तथा बाध्यकारी सांस्कृतिक रुपमा मिसाएर लैजाने कामलाई निर्मूल तथा रोकथामका निमित्त राज्यले प्रभावकारी उपाय तथा नीतिहरुको अवलम्बन गर्नु पर्दछ । यसैगरी राज्य-पक्षले निश्चितगरी कार्यान्वयन गर्नुपर्ने विषयहरूमा विगत तथा वर्तमानमा आदिवासी संस्कृति तथा पहिचानलाई रुपान्तरण गर्ने नीति तथा अभ्यासहरुको तत्काल छानबिन गर्ने, यस प्रकारका कार्यको जिम्मेवारी लिने, न्याय तथा क्षतिपूर्ति दिलाउनु पर्छ । यसले गर्दा आदिवासी समुदायको संस्कृति र पहिचानलाई उल्लेखनीय रुपले मैत्रीपूर्ण वातावरण सिर्जना गर्दछ । त्यसैगरी मेलमिलाप तथा मिलन, सम्झौताका कार्यहरूलाई स्थापित गर्न तथा उक्त संस्थाहरूमा प्राप्त स्रोत, साधन, समान न्याय, सत्यताको निश्चितता गरिनु पर्दछ ।

## (ख) न्यायमा पहुँच तथा बहुल कानुनी व्यवस्था

**(२४)** न्यायमा आदिवासी महिलाहरुको पहुँचका निम्ति एउटा बहुआयामिक तथा एकीकृत दृष्टिकोण तथा पहुँचको आवश्यकता पर्दछ, जसले उनीहरूको न्यायमा पहुँचको विषय र मानव अधिकारसम्बधी अन्य चुनौतीहरूसँग जोडिनेछ भन्ने कुरालाई प्रतिविम्बित गर्दछ । उनीहरूले सामाना गर्नु परेका चुनौतीहरूमा नस्लवाद, जातीय विभेद, उपनिवेशवादको असर, लिङ्ग, लैङ्गिक विभेद, आर्थिक सामाजिक हैसियतको आधारमा हुने विभेद, अपाङ्गताको आधारमा गरिने विभेद उनीहरूको भूमि, भौगोलिक क्षेत्र र प्राकृतिक स्रोतसाधनहरूमा प्राप्त गर्ने, पहुँच पुऱ्याउने विषयमा आउने बाधा-अड्चनहरु, पर्याप्त तथा संस्कृतिमैत्री स्वास्थ्य तथा शैक्षिक सेवाहरूको कमी, उनीहरूको आत्मिक जीवनशैलीमा आउने बाधा अड्चनहरु चुनौतीपूर्ण छन् । आदिवासी समुदायको न्यायमा पहुँच, राज्य-पक्ष तथा आदिवासी समुदाय दुवैको कानुनी व्यवस्था तथा प्रथाअनुरुप निश्चितता गरिनु पर्दछ ।

**(२५)** यो समिति पुनः के कुरामा जोड दिन्छ भने आदिवासी जनसमुदायले आफ्नो न्यायिक संरचना र व्यवस्थाको जगेर्ना गर्नु वा कायम राख्नुलाई उनीहरुको आत्मनिर्णय तथा स्वतन्त्रताको आधारभूत घटक मान्दछ । यति नै बेला आदिवासी न्याय प्रणाली तथा व्यवस्था र उनीहरूको चालचलनहरु भने अन्तर्राष्ट्रिय मानव अधिकारहरुसम्बन्धी महासन्धिहरुमा उल्लिखित मापदण्डअनुरुप हुनु पर्नेछ । त्यसैगरी यो समिति के कुरालाई मान्दछ भने आदिवासी महिला तथा किशोरीहरुविरुद्ध हुने भेदभावसम्बन्धी मुद्दाहरुलाई सम्बोधन गर्न, गैरआदिवासी तथा आदिवासी न्याय व्यवस्थाका निम्ति यो आधारभूत सूझाव एउटा अभिनिर्णय वा सन्दर्भ सामग्री (वा प्रमाण) हो ।

**(२६)** विस्तृत सुझाव नं. ३३ (२०१५), यस समितिले आदिवासी महिलाहरूको न्यायमा पहुँच शीर्षकमा ६ वटा महत्वपूर्ण परिघटकहरुको व्यवस्था गरेका छ । यी घटकहरू वा तथ्यहरू परस्पर अन्तरसम्बन्धित छन् । यिनीहरु यस प्रकार छन्- अदालतले कारबाही गर्न सक्ने (न्यायिक) पहुँचको दायराभित्र रहेको प्राथमिकतामा आउने वा यथार्थ पीडितले उपचारप्राप्त गर्न सक्ने प्रावधान भएको, न्यायिक प्रणालीप्रति उत्तरदायित्व भएको यी घटकहरू आदिवासी महिला तथा किशोरीहरूको मुद्दामा लागु हुन्छन् । उनीहरूको न्यायको पहुँच तथा उपचारलाई विभिन्न दृष्टिकोणबाट उपलब्ध गराउनु पर्दछ । जस्तैः लैङ्गिक दृष्टिकोण, परस्पर जोडिएका वा बहुआयामिक दृष्टिकोण, अन्तरसांस्कृतिक दृष्टिकोणहरू सुझावहरूको परिच्छेद ४ र ५ मा उल्लेख गरिए अनुसार ।

**(२७)** यी ६ वटा महत्वपूर्ण घटकहरु मुताविक राज्यले आदिवासी तथा गैरआदिवासी दुवैको न्याय व्यवस्थालाई निश्चित गर्नु पर्दछ । यसैगरी आदिवासी महिला तथा किशोरीहरु लैङ्गिक

हिसाबबाट पीडित हुनुपरेको तथा बेचविखनमा पर्नुपरेको छ। उनीहरुलाई समयमा नै उपयुक्त वा प्रभावकारी कुननी उपचार प्रदान गर्नुपर्छ। उपयुक्त कानुनी उपचारमा उपलब्ध दोभासे, अनुवादक, मानवशास्त्री, मनोचिकित्सक, स्वास्थ्यकर्मी, वकिल, सांस्कृतिक मध्यस्थकर्ता समावेश गर्नु पर्दछ। माथिका यी विज्ञहरुमा आदिवासी समुदायको आत्मिक तथा औषधी मुलोसम्बन्धी तथा उनीहरुको आधिकारिक पाटोहरूबारे अनुभवी वा तालिमप्राप्त व्यक्ति हुनु पर्दछ। साथै, आदिवासीहरुको संस्कृति तथा आदिवासी महिला तथा बालिकाको वैचारिक विषयमा लैङ्गिक दृष्टिकोणलाई समावेश गर्नु पर्दछ। न्याय प्रणालीमा उनीहरुको संस्कृति र विचारहरूसँग उपयुक्त र मिल्दो प्रमाण संकलन गर्ने विधि हुनु पर्दछ। न्याय दिने अधिकारी आदिवासी महिला तथा किसोरीहरुको हक अधिकार तथा उनीहरूको सामूहिक तथा वैयक्तिक पहिचानको विषयमा निरन्तर रुपमा तालिमप्राप्त साथै आदिवासीको पर्याप्त सांस्कृतिक क्षमता स्थापित गर्न सक्ने योग्यता भएको हुनु पर्दछ। यसै सन्दर्भमा महत्वपूर्ण विषय भनेको : आदिवासी तथा गैरआदिवासी समुदायको न्याय तथा न्याय प्रणालीहरूमा विविधता छ भन्ने विषयलाई सम्मान गर्दै ध्यानपूर्वक आदिवासी समुदायका मानिसहरूको विषयलाई सुन्ने तथा उनीहरुलाई संयोजन गरेर लैजान सक्ने हुनु पर्दछ।

न्याय भनेको मेलमिलाप तथा उपचार गरी स्वस्थ्य तथा सन्तुलित अवस्थामा ल्याउने प्रक्रिया हो। जसको उद्देश्य आदिवासी समुदायको क्षेत्र वा भूभाग तथा समाजमा सन्तुलन तथा समान न्यायको पुनर्स्थापना गर्नु हो। यो उद्देश्य प्राप्तिका निम्ति राज्यले तदरुकताका साथ आदिवासी महिला न्यायाधीशको चयन तथा नियुक्ति गर्नु पर्दछ।

**(२८)** आदिवासी समुदाय बसोबास गर्ने दुर्गम, ग्रामीण तथा शहरी सबै क्षेत्रहरूमा अदालत, न्यायालय साथै सम्बन्धित निकायहरूको स्थापना, रेखदेख, सम्भार तथा कोषको व्यवस्था राज्यले सुनिश्चितता गर्नु पर्दछ। आदिवासी न्याय प्रणाली सजिलै उपलब्ध गर्न सकिने, प्रभावकारी तथा पर्याप्त हुनु पर्दछ। गैरआदिवासी तथा आदिवासी दुवै न्याय प्रणालीमा उनीहरूलाई कसरी उपस्थित तथा संलग्न गराउने भन्ने विषयको जानकारी तथा प्रचारप्रसार आदिवासी महिला तथा किशोरीहरू बीचमा हुनु पर्दछ। आधारभूत न्यायको सेवा र निःशुल्क कानुनी उपचार आदिवासी महिला तथा किशोरीहरुमा पहुँच उपलब्ध गराउनु पर्दछ। आदिवासी महिला तथा किशोरीहरूले निष्पक्ष, सर्वसुलभ न्याय व्यवस्था उपलब्ध हुने स्थानको पहिचान गर्न सक्ने तथा अनुकूल वातावरणको सुनिश्चितता राज्यले गर्नु पर्दछ।

**(२९)** आदिवासी महिला तथा किशोरीहरूले न्याय प्रणालीमा पहुँच वा न्याय प्राप्त गर्ने बाटोमा धेरै बाधा अड्चनको सामना गर्न परिरहेको छ, यस्तो अवस्था आदिवासी तथा गैरआदिवासी दुवै न्याय प्रणालीमा लागु हुन्छ। अझ आदिवासी महिला तथा किशोरीहरुको हकमा यो व्यवस्था

धेरै आवश्यक छ । उनीहरू कानुनी अधिकारबाट बञ्चित हुनु परेको छ । परिणाम- उनीहरुविरुद्ध हुने गरेका विभेद तथा लैङ्गिक हिंसाहरु, दण्डहीनतामा टुङ्गिदै गएको छ । न्यायको पहुँच तथा प्राप्तिका लागि उनीहरुले सामना गरिरहेको बाधा अड्चनहरु आउनुको कारण आदिवासी तथा गैरआदिवासी न्याय प्रणालीमा, आदिवासीहरुको मातृभाषामा न्याय प्रणाली उपलब्ध नहुनु हो । अन्य बाधा अड्चनहरूमा कानुनी सहायताको लागि लाग्ने खर्चपानी, निःशुल्क कानुनी सेवाको कमी हुनु, दोभासेको अनुपस्थिति, जसमा सांकेतिक भाषा, अदालतको दस्तुर, अदालत धेरै टाढा हुनु, परिचयपत्रको अभाव, न्यायाधीशहरूमा आदिवासी महिला तथा किशोरीहरूको अधिकारको विषयमा तालिमको कमी, अपराधको उजुरी दिनेहरुविरुद्ध हुने प्रतिशोध तथा धम्कीहरूको कारण समयमा नै उचित न्याय सम्पादन गर्ने प्रक्रियाप्रति अनादर आदि । त्यसैगरी अपाङ्गता भएका आदिवासी महिला तथा किशोरीहरूले सामना गर्नु परेको थप बाधा अड्चनहरूमा उनीहरुको शारीरिक अशक्तता हो, जसको कारण अग्ला भवनहरूको सिँढी चढ्नु पर्ने, उपचारप्राप्त गर्ने ठाउँमा पुग्ने समस्या, जहाँ न्याय प्रणालीका कार्यालयहरु राखिएका छन् । उनीहरूका लागि आवश्यक औषधी उपचार तथा स्याहार गर्ने सेवा सुविधाहरु ज्यादै सीमित छन् । महत्वपूर्ण सूचना तथा जानकारीहरू प्राप्त गर्न नसक्नु, यातायात, सञ्चार, प्रक्रियागत सहायता सेवाहरु, अपाङ्गमैत्री नहुनु आदि ।

**(३०)** गैरआदिवासी न्याय व्यवस्थामा आादिवासी महिला तथा किशोरीहरूले बारम्बार नस्लवाद, संरचनागत विविध जातीय भेदभाव, अन्याय, अत्याचार भोग्नु परेको छ । त्यसैगरी उनीहरूले सांस्कृतिक रुपमा प्रतिकूल पद्धति तथा आदिवासी समुदायको परम्परा तथा वास्तविक जीवनमा प्रयोगमा नआउने, नसुहाउँदो कानुनी प्रक्रियाहरूमा भाग लिनुपर्ने बाध्यकारी अवस्था छ । अहिलेको न्याय व्यवस्था साम्राज्यवादलाई टेवा पुर्‍याउने र यसैको प्रतिविम्बको रूपमा रहेको छ, अर्कोतिर उनीहरूको बसोबास न्यायालयभन्दा टाढा हुनु, उक्त स्थानमा मुद्दा दर्ता गर्न लामो यात्रा तय गर्नुपर्ने बाध्यकारी अवस्था, निरक्षरता, विद्यमान कानुन तथा न्याय प्रणालीबारे ज्ञानको कमी, उनीहरुको न्याय व्यवस्थामा पहुँच सहज र सरल नहुनु रहेको छ । आदिवासी महिला तथा किशोरीहरूलाई प्रायः अनुवादकको सेवा उपलब्ध गराइँदैन, उक्त सेवा अदालती कारबाहीमा प्रभावकारी रूपमा सहभागी गराउनु पर्ने अत्यावश्यक सेवा हो । प्रमाणहरु संकलनका लागि उनीहरूको संस्कृति तथा परम्परासुहाउँदो तौरतरिकाको कमी हुनु, समान न्यायको पहुँचमा अर्को बाधा अड्चन हो । आदिवासी महिला तथा किशोरीहरू वैयक्तिक तथा सामूहिक कानुनी आयामका विषयहरूमा, उनीहरूको कानुनी अधिकारको विषयमा तालिम तथा अध्ययनको कमी रहेको छ । आदिवासी महिला तथा किशोरीहरू बलात्कृत तथा यौनजन्य हिंसाको सिकार भएमा अशक्त तथा अपाङ्गता भएमा उनीहरूका लागि आवश्यक औषधोपचार, स्याहारका सेवा सुविधाहरू ज्यादै सीमित छन् ।

**(३१)** प्राय: आदिवासी समुदायको न्याय व्यवस्था पुरुषप्रधान छ । त्यहाँ महिला तथा किशोरीहरूमा विभेद गरिन्छ । उनीहरूलाई निर्णायक पदहरुको जिम्मेवारी प्रदान गर्ने, उनीहरूको चासोका विषयहरुमा आवाज उठाउने ठाउँमा सहभागी हुने कार्यमा सीमित मात्र अवसर देखिन्छ। यस समितिले कानुनी व्यवस्थामा लैङ्गिक विभेदपूर्ण परम्परा तथा अन्धविश्वासहरूमा विशेष चासो दिन्छ। सारांशमा यस समितिले आदिवासी तथा गैरआदिवासी दुवै न्याय प्रणाली अन्तर्राष्ट्रिय कानुन तथा मानव अधिकारको अनुसरण गर्नुपर्ने सुझाव दिन्छ ।

**(३२)** कारागारहरुमा आदिवासी महिलाहरुको उपस्थिति बढी हुनु एउटा प्रवृत्तिको रुपमा देख्न सकिन्छ । कानुन बाझिएको अधारमा उनीहरुले स्वेच्छाचारी नजरबन्द तथा भेदभाव, लैङ्गिक हिंसा, अमानवीय व्यवहार, विभिन्न यातनाहरुबाट प्रताडित हुनु परेको परिस्थिति छ। यो समिति कानुन बाझिने अवस्थाको सामना गर्नुपरेका सबै आदिवासी महिला तथा किशोरीरुलाई समान, निष्पक्ष कानुनी सुनुवाइ र उपचार हुनुपर्ने विषयलाई जोड दिन्छ ।

**(३३) राज्य-पक्षलाई यस समितिका सुझावहरू :**

(क) आदिवासी महिला तथा किशोरीहरुलाई स्वीकार्य हुने न्यायको पहुँच प्राप्त गर्ने वातावरण सुनिश्चितता गरिनु पर्दछ, यस खालको न्याय आदिवासी तथा गैरआदिवासी समुदाय दुवै न्याय प्रणालीमा लागु हुन्छ। साथै उनीहरू लैङ्गिक, जातीय विभेद, पूर्वाग्रह, कुरीतिहरु प्रतिशोध तथा प्रतिहिंसाबाट मुक्त हुने कुरा सुनिश्चितता राज्य-पक्षले गर्नु पर्दछ ।

(ख) अपाङ्गता भएका आदिवासी महिला तथा किशोरीहरूले कानुनी उपचार प्राप्त गर्ने न्यायालयका भवनहरू, यातायात सहायता केन्द्रहरू तथा न्यायमा उनीहरूको पहुँच पुग्न अप्ठ्यारो पर्ने अवस्थालाई सहजीकरण गर्नका लागि उनीहरूको भौतिक उपस्थितिलाई सहज बनाउनका लागि उचित कानुनी मापदण्डहरुको सुनिश्चितता गरिनु पर्दछ ।

(ग) आदिवासी महिला तथा किशोरीहरूको अधिकारसम्बन्धी दुवै आदिवासीय तथा गैरआदिवासीय न्याय व्यवस्थासम्बन्धी विषयमा न्यायाधीशहरू, कानुन लागु गर्ने पदाधिकारीहरूलाई निरन्तर रुपमा तालिमको व्यवस्था गर्नुपर्ने साथसाथै परिच्छोद ४,५ मा उल्लेख गरिएअनुसार न्यायमा उनीहरुको पहुँचलाई सुनिश्चित तथा उनीहरुको अधिकार लागु गर्नका लागि उल्लेख गरिएअनुसार अन्तरसांस्कृतिक, बहुआयामिक दृष्टिकोणहरुलाई मध्यनजर गरिनु पर्ने । सम्पूर्ण कानुनी पेसाकर्मीहरुलाई दिइने यस खालका तालिमहरू आदिवासी समुदायको न्यायको एउटा पक्ष हुनु पर्दछ ।

(घ) आदिवासी तथा गैरआदिवासी दुवै न्यायालय तथा अदालतमा आदिवासी महिलाहरूलाई न्यायाधीशको रुपमा भर्ना, नियुक्ति तथा तालिमको व्यवस्था गर्नुपर्ने ।

(ङ) सम्पूर्ण आदिवासी महिला तथा किशोरीहरुलाई समान न्यायको पहुँच सुनिश्चितता गरिनु पर्दछ । साथै, कानुनी प्रक्रियागत व्यवस्था तथा समायोजनाको आवश्यकता पर्नेहरु जस्तैः उमेर, अशक्तता, बिरामी भएकालाई पर्नसक्ने अप्ठ्यारो परिस्थितिहरुमा भाषा अनुवाद, सांकेतिक भाषा, अन्य सञ्चार सुविधाहरु, लामो हदम्याद आदिको सुनिश्चितता गर्नु पर्दछ ।

(च) समान न्याय व्यवस्थामा आदिवासी महिला तथा किशोरीहरुलाई आवश्यक पर्ने तालिम, दोभासे, अनुवादक, स्वास्थ्यकर्मी, मानवशास्त्री, मनोचिकित्सहरुको सुनिश्चितता गरिनु पर्दछ । उक्त कार्यका लागि पहिलो प्राथमिकता योग्य तथा दक्ष आदिवासी महिलाहरूलाई दिनुपर्छ । आदिवासी तथा गैरआदिवासी न्याय व्यवस्थासम्बन्धी कानुनी उपचारको सम्बन्धमा सबै जानकारी तथा सूचनाहरू आदिवासीहरुको भाषा र उनीहरुले बुझ्ने ढाँचामा उपलब्ध गराइनु पर्दछ । त्यसैगरी यस प्रकारका कानुनी उपचारहरु, कानुनी बाटोहरु साथै उनीहरूमाथि हुने गरेका संरचनागत तथा प्रणालीगत हिंसाको मुद्दा दायर गर्ने उपायहरूबारे चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ । आदिवासी महिला तथा बालिकाहरूविरुद्ध हुने लैङ्गिक हिंसा, भेदभावलाई अनुगमन गर्ने संयन्त्रहरू महत्वपूर्ण हुने गर्दछन् ।

(छ) पर्याप्त साधनस्रोत र कानुनी हैसियत नभएका, लैङ्गिक हिंसाबाट असुरक्षित आदिवासी महिला तथा किशोरीहरूलाई निःशुल्क तथा गुणस्तर सेवा प्रवाह गर्ने वातावरणको सुनिश्चितता गर्नु पर्दछ । आदिवासी महिला तथा किशोरीहरुलाई निःशुल्क कानुनी सेवा उपलब्ध गराउने गैरसरकारी संस्थाहरुलाई राज्य-पक्षले आर्थिक सहयोग प्रदान गर्नु पर्दछ ।

(ज) आदिवासी समुदायको क्षेत्र नजिक तथा शहरी क्षेत्रहरूमा न्यायिक संस्थाहरू, न्याय उपचार केन्द्रहरु तथा न्यायिक सेवाहरू उपलब्ध गराउने विषयलाई निश्चित तथा बचनबद्धता गरिनु पर्दछ ।

(झ) आदिवासी महिला तथा किशोरीहरु ऐतिहासिक रुपमा गरिबी, लैङ्गिक हिंसा, नस्लवाद आदिका कारण उनीहरु विभेदको सिकार हुनु परेको छ भन्ने आधारमा फौजदारी न्याय, नागरिक तथा प्रशासनिक नीतिहरू अवलम्बन गर्नु पर्नेछ ।

(ञ) प्रचलित कानुन तथा न्याय प्रणालीमा आदिवासी महिला तथा किशारीहरूको सूचना तथा शिक्षामा पहुँच हुने विधिहरु अवलम्बन गर्नुपर्ने, साथै आदिवासी तथा गैरआदिवासी न्याय व्यवस्थामा कसरी पहुँच पुऱ्याउने भन्ने बारेमा पनि जानकारी तथा तौरतरिका उपलब्ध गराइनु पर्ने । चेतना अभिवृद्धि अभियान, समुदायिक तालिम, कानुनी तथा चलायमान उपचार केन्द्र जस्ता विधि तथा पद्धतिहरुलाई जानकारी तथा सूचना प्रदान गर्ने विधिका रूपमा प्रयोग गर्नुपर्ने ।

(ट) आदिवासी महिला तथा किशोरीहरुले निष्पक्ष न्यायमा उनीहरूको अधिकार प्रभावकारी ढंगले उपभोग गरिरहेका छन् भन्ने विषयको सुनिश्चितता गरिनु पर्दछ, साथै कानुनको अगाडि उनीहरू समान तथा सुरक्षित छन् भन्ने विषयलाई पनि सुनिश्चितता गर्नु पर्दछ ।

(ठ) आध्यात्मिक, धार्मिक तथा सामाजिक हानि, नोक्सानी जस्ता पक्षलाई ध्यानमा राख्दै आदिवासी या गैरआदिवासी जुनसुकै न्याय व्यवस्थाबाट मानव अधिकारको हनन् भएमा पनि त्यसबापत उनीहरूलाई क्षतिपूर्तिको सुनिश्चितता हुनु पर्दछ । यो भनेको न्याय प्रशासनको अभिन्न अङ्ग हो ।

## (v) आदिवासी महिला तथा किशोरीहरूको अधिकारका निश्चित आयामहरूको सम्बन्धमा राज्य-पक्षको दायित्व :

(क) महिला तथा किशोरीबिरुद्ध हुने लैङ्गिक हिंसाको रोकथाम तथा संरक्षणका लागि दफाहरू (३, ५, ६, १०(c), ११, १२, १४ र १६) ।

**(३४)** आदिवासी महिला तथा किशोरीहरुविरुद्ध हुने लैङ्गिक हिंसा महासन्धिको दफा १ अन्तर्गत यो भेदभावको एउटा रुप हो । त्यसकारण महासन्धिअन्तर्गत सबै दायित्वहरु संलग्न हुन्छन् । महासन्धिको दफा २ अन्तर्गत राज्य-पक्षले ढिलाइ नगरीकन कुनै आदिवासी महिलाविरुद्ध हुने सबै प्रकारका लैङ्गिक हिंसा उन्मूलन तथा रोकथाम गर्नका लागि उपयुक्त विधिको अवलम्बन अनिवार्य रुपले गर्नु पर्दछ । यसैगरी महासन्धिको दफा २२ अनुसार आदिवासी महिलाहरुको पूर्णाअधिकार संरक्षणमा विशेष ध्यान पुऱ्याउनु पर्ने तथा उनीहरुले हिंसा तथा भेदभावरहित जीवन जिउन पाउने अधिकारको सुनिश्चतता राज्य-पक्षले गर्नु पर्दछ ।

महिलाविरुद्धका लैङ्गिक हिंसालाई बन्देज लगाउने विषय भनेको अन्तर्राष्ट्रिय कानुनमुताविक हो । यो कुरा आदिवासी महिला तथा किशोरीहरूका सम्बन्धमा पनि समान रूपमा लागु हुन्छ ।

**(३५**) आदिवासी महिला तथा किशोरीहरु लैङ्गिक हिंसाबाट असमान्य रूपमा प्रभावित भएका छन् । उपलब्ध तथ्याङ्कले के कुरा बताउँछ भने बलात्कारको हिंसाबाट पीडित हुनेमा गैरआदिवासीय महिलाभन्दा आदिवासी महिलाको संख्या धेरै छ, जसमा आफ्नो जीवनकालमा ३ मध्ये १ जना बलात्कृत भएका छन् । संसारभर लैङ्गिक हिंसाको तिब्रता, प्रकृति तथा यसले निम्ताएको दुष्परिणामहरु बढिरहेको कुरा प्रमाणहरूले बताउँछन् । आदिवासी महिलाविरुद्ध हुने यस प्रकारमा घटनाहरूको जानकारी तथा ज्ञानको सीमितता छ । यसैगरी मुद्दा र क्षेत्रका आधारमा धेरै फरक-फरक अवस्थका छन् । आदिवासी महिला तथा किशोरीविरुद्ध हुने लैङ्गिक हिंसा तथा यस समस्याका क्षेत्र तथा फरकपन बुझ्नका लागि यो समिति राज्य-पक्षलाई के कुरामा

विशेष जोड दिन्छ भने तथ्याङ्क संकलनको कार्यमा आदिवासी समुदाय र उनीहरुका संघ-संस्थासँग सहकार्य गरी यस कार्यमा संलग्न हुनु पर्नेछ। त्यसैगरी कुरीति तथा अन्य परम्परामा आधारित लैङ्गिक हिंसा, जसलाई सामाजिक कानुनी मान्यताको रूपमा लिएको छ, लाई राज्य-पक्षले सम्बोधन गर्नुपर्ने विषयलाई यस समितिले जोड दिन्छ।

**(३६)** आदिवासी महिला तथा किशोरीहरुविरुद्ध हुने विभिन्न रुपका हिंसाहरुले यो समिति चिन्तित तथा सचेत छ। यी हिंसाका रुपहरु विभिन्न ठाउँ, स्थान तथा मानिसहरू भेटघाट हुने सबै स्थान तथा अवस्थाहरूमा घटिरहेका छन्। उदाहरणका लागि परिवार, समुदाय, सार्वजनिक स्थलहरु, काम गर्ने ठाउँ, शैक्षिक संस्थाहरु तथा डिजिटल क्षेत्रहरु रहेका छन्। हिंसा भनेको यातनाको रुप हो, जुन मनोवैज्ञानिक, शारीरिक, यौनजन्य, आर्थिक, राजनीतिक आदि हुने गर्दछ। आध्यात्मिक वा धार्मिक आस्थासँग सम्बन्धित हिंसा आदिवासी महिला तथा किशोरीहरुविरुद्ध बारम्बार लादिएको छ, जसले उनीहरूको सामूहिक पहिचानका साथै उनीहरूको आध्यात्मिक, सांस्कृतिक, भौगोलिक, वातावरणीय तथा प्राकृतिक साधनस्रोतसँगको सम्बन्धलाई हानि नोक्सानी पुऱ्याएको छ। अशक्त, अपाङ्गता भएका र वृद्धा आदिवासी महिलाहरुविरुद्ध हुने हिंसाहरू प्रायः संघ संस्थाहरूमा विशेषतः जुन ठाउँहरू बन्द तथा आफ्नो समुदायबाट छुट्टाएर राखिएका स्थानहरूमा हुने गर्दछन्। परिणाम उनीहरू बलात्कृत, बेपत्ता, हत्या उत्पीडन तथा छोरीको हत्या गर्ने प्रचलन (Femicide) को सिकार हुनुपरेको छ।

**(३७)** आदिवासी महिला तथा किशोरीहरुविरुद्ध हुने प्रमुख हिंसामध्येको एउटा बाध्यकारी अवस्था विस्थापन हो, जसले उनीहरुको जमिन, भूभाग, प्राकृतिक साधन स्रोतसँगको सम्बन्धलाई विच्छेद गरिदिएको छ। साथै, स्थायी रूपमै उनीहरूको समुदाय तथा जीवनको योजनाहरूलाई हानि नोक्सानी पुऱ्याएको छ। वातावरणमाथिको दोहनबाट उनीहरु नै नराम्रोसँग प्रभावित भएका छन्। परिणाम- वातावरणीय हानि नोक्सानी, गिरावट, प्रदूषण भएको छ भने निकट भविष्यमा घट्न सक्ने वातावरणीय परिवर्तन आदिलाई रोक्ने कार्यमा असफल भएको छ। उनीहरूलाई प्रभावित पार्ने हिंसाका रुपहरूमा यौन व्यवसायसँग सम्बन्धित शोषण, दासताको वर्तमान स्वरूप जस्तै- घरेलु नोकरचाकर, बाध्यकारी अरुका लागि सट्टेबाजी कामदार, बुढ्यौली अवस्था, अविवाहित महिलाहरूलाई हेर्ने कुरीतिपूर्ण कुदृष्टि, बच्चा जन्माउन नसक्ने महिलाहरुलाई कलंकको रूपमा हेरिनु, महिला यौनाङ्गको विच्छेदन गर्नु आदि। यस समितिले आदिवासी महिलाहरू तथा किशोरीहरूको बेचबिखनको समस्यालाई विशेष ध्यान दिने तथा यसलाई उजागर गर्दछ। यस अवस्था तथा परिस्थिति निम्ताउने स्थितिहरूमा आदिवासी महिलाहरूको क्षेत्र तथा भूभागहरूमा सैनिक क्याम्पहरूको विस्तार, आदिवासी समुदायको क्षेत्रमा राष्ट्रिय सेनाको सैनिकीकरण, संगठित अपराधहरु, उत्खनन, काठ काट्ने तथा ओसारपसार

आदिका कारण माथि उल्लिखित समस्याहरू आदिवासी महिला तथा किशोरीहरूले सामना गर्नुपरेको छ ।

**(३८)** आदिवासी महिला तथा किशोरीहरुविरुद्ध हुने हिंसाहरू कमै मात्र रिपोर्ट गरेको वा जानकारी गराइएको छ । दण्डहीनताले गर्दा अपराधीहरुले लगातार फाइदा उठाइरहेका छन । त्यसैगरी न्यायमा उनीहरुको पहुँच अत्यन्त न्यून तथा सीमित रहेको छ, साथै फौजदारी न्याय प्रणालीमा त्रुटी हुनु, जातिवाद, सीमान्तकृत गरिब तथा मादक पदार्थको कुलतले महिलाहरुविरुद्धका लैङ्गिक हिंसा बढिरहेको छ । उनीहरू राज्य तथा गैरराज्य-पक्षबाट हुने लैङ्गिक हिंसाका सिकार भएका छन् । राज्य-पक्षबाट हुने हिंसामा सरकारी अंगका सदस्यहरू, सैनिक बल, कानुन लागु गर्ने अधिकारीहरूका साथै सार्वजनिक संघ संस्थाहरू लगायत झ्यालखाना, स्वास्थ्य क्षेत्र र शैक्षिक क्षेत्रहरू सम्मिलित छन् । गैरराज्य-पक्षमा व्यक्तिगत, व्यापार, वैयक्तिक कम्पनीहरू, गैरकानुनी पात्रहरू, विद्रोही समूह, धार्मिक संस्थाहरू संलग्न छन् ।

**(३९)** लैङ्गिक हिंसाका सिकार भइरहेका आदिवासी महिला तथा किशोरीहरुलाई सुरक्षा प्रदान गर्नु, अपराधीलाई कारबाही गर्नु, अनुसन्धान गर्नु तथा क्षतिपूर्तिको व्यवस्था गर्नु राज्य-पक्षका अनिवार्य दायित्वहरू हुन् । यस खालका दायित्वहरू आदिवासी तथा गैरआदिवासी समुदायको न्याय व्यवस्थामा लागु हुन्छ । यथोचित यी कार्यहरू दफा ४ र ५ मा उल्लेख गरिएअनुसार अन्तरलैङ्गिक तथा बहुपक्षीय, आदिवासी महिला, अन्तरसांस्कृतिक, बहुआयामिक दृष्टिकोणबाट लागु गरिनु पर्दछ । साथै के कुरामा ध्यान राख्नु पर्दछ भने लैङ्गिक विभेद आदिवासी महिलाहरूले अनुभव गरिरहेको हिंसाको कारण र प्रभाव हो ।

**(४०)** आदिवासी महिला तथा किशोरीहरुमाथि हुने हिंसाले उक्त समुदायको सामूहिक स्वभाव, आध्यात्मिक आस्था, सांस्कृतिक तथा सामाजिक संरचनालाई नोक्सानी गर्दै छ भने यसले सामूहिक तथा कहिलेकाहीँ अन्तरदेशीय हानि नोक्सानीको कारक बन्दछ । आदिवासी महिला तथा किशोरीहरुविरुद्ध हुने यौनजन्य हिंसा बहुआयामिक पात्रहरूबाट हुने गरेको छ । जस्तोः युद्ध, द्वन्द्वकाल तथा साक्षीको बेला महिलाहरूलाई एउटा युद्धको हतियारका रूपमा तथा रणनीतिक पात्रका रूपमा पनि प्रयोग गरिएको छ, जसले आदिवासी समुदायलाई दीर्घकालीन रूपमा हानि पुऱ्याउँदै आएको छ ।

**(४१)** लैङ्गिक हिंसालाई सम्बोधन गर्नका निम्ति राज्यसँग एउटा प्रभावकारी कानुनी रूपरेखा हुनुपर्दछ र प्रशस्त सहायता केन्द्रहरु विभिन्न ठाउँमा हुनुपर्छ । यस प्रकारको रूपरेखामा- रोकथामका उपायहरु, अनुसन्धान र अपराधीहरूलाई दण्ड-सजाय, साथै पीडित महिला तथा किशोरीहरूलाई सहयोग तथा क्षतिपूर्ति उपलब्ध गराउनु पर्दछ । त्यसैगरी राज्यले हानिकारक

लैङ्गिक विभेदलाई सम्बोधन तथा यसलाई कम गर्नका निम्ति सेवाहरू उपलब्ध गराउनु पर्दछ ।

## (४२) राज्य-पक्षलाई समितिका सुझावहरू:

(क) आदिवासी महिला तथा किशोरीहरुविरुद्ध हुने हिंसालाई रोकथाम गर्न तथा सुनुवाइ गर्न प्रभावकारी विधि वा कानुनको निर्माण तथा यसलाई लागु गर्नु पर्दछ । आदिवासी महिला तथा किशोरीहरुविरुद्ध हुने लैङ्गिक हिंसालाई रोकथाम गर्न तथा सुनुवाइ गर्न प्रभावकारी विधि, कानुनको दफा ४ र ५ मा उल्लेख गरी ग्रहण गरी लागु गर्नु पर्दछ, जसमा अन्तरसम्बन्धित, अन्तरसांस्कृतिक, बहुपक्षीय दृष्टिकोणहरुलाई समावेश गरी लागु गरिनु पर्दछ । संविधानमा आदिवासी महिला तथा किशोरीहरु, अपाङ्गता भएका महिला तथा किशोरीलगायतको जीवनचक्रलाई यथोचित रुपमा ध्यान दिइनु पर्दछ र त्यसैअनुरुप लागु गरिनु पर्दछ ।

(ख) आदिवासी महिला तथा किशोरीहरुविरुद्ध हुने लैङ्गिक हिंसाका विभिन्न रूपलाई छुट्टाउने, रोकथाम गर्ने, सम्बोधन गर्ने, प्रतिबन्ध तथा उन्मूलन गर्ने काम गरिनु पर्दछ । जस्तोः वातावरणीय, राजनीतिक, संरचनात्मक, संस्थागत आर्थिक, सांस्कृतिक साथै, उत्खनन् तथा उद्योगहरूले निम्ताइने हिंसाहरू छन् ।

(ग) आदिवासी महिला तथा किशोरीहरुलाई आदिवासी तथा गैरआदिवासी दुवै न्याय व्यवस्थामा समयमै तथा प्रभावकारी न्यायमा उनीहरुको पहुँचलाई सुनिश्चित गर्नुपर्ने । साथै, आवश्यकता पर्दा संरक्षणको बन्दोबस्त तथा रोकथाम संयन्त्रको निश्चितता गरिनु पर्दछ ।

बेपत्ता पारिएका तथा मारिएकाकाबारे मुद्दाहरूको प्रभावकारी अनुसन्धान समयमै गरिनु पर्दछ । आदिवासी महिला तथा किशोरीहरुविरुद्धका सबै खाले भेदभाव तथा पक्षपातबाट मुक्त वातावरणको सुनिश्चितता गरिनु पर्दछ ।

(घ) लैङ्गिक हिंसामा आधारित मुद्दाहरुको रिपोर्ट गर्ने प्रक्रियामा बाधा अड्चन गर्ने सबै कानुनलाई खारेज गरिनु पर्दछ । जस्तैः संरक्षक कानुन, जसले महिलाहरूको कानुनी क्षमतालाई वञ्चित गराउँछ, अपाङ्गता भएका महिलाहरुले अदालतमा गवाही दिने क्षमतालाई सीमित पार्ने वा प्रतिबन्धित पार्ने गर्दछ ।

तथाकथित संरक्षक कानुन नियन्त्रित अध्यागमन कानुन आदिको अभ्यासले आप्रवासी तथा गैरआप्रवासी घरेलु कामदार महिलाहरुलाई यस्ता प्रकारका हिंसाहरूको सूचना दिने कार्यमा निरुत्साहित पार्दछ ।

(ङ) सेवाप्रद सुविधाहरू, स्वास्थ्योपचार, मनोचिकित्सक परामर्श, व्यावसायिक तालिमहरूको

सुनिश्चितता गरिनु पर्दछ । एकीकृत सेवाहरु तथा सुरक्षाहरू आदिवासी महिला तथा किशोरीहरु, जो लैङ्गिक हिंसाबाट पीडित छन्, उनीहरूको संस्कृति सुहाउँदो तथा उनीहरूको पहुँचमा सजिलै उपलब्ध हुने खालको हुनु पर्दछ । यी सबै सुविधाहरू दफा ५ मा व्याख्या गरिएअनुसार अन्तरपक्षीय, बहुपक्षीय दृष्टिकोण अनुरुपको रुपरेखा तयार गरिनु पर्दछ । साथै, पर्याप्त आर्थिक स्रोतले सम्पन्न गरिनु पर्दछ ।

(च) लैङ्गिक हिंसाबाट एक्लै बाँच्न बाध्य आदिवासी महिला तथा किशोरीहरूलाई साधनस्रोत उपलब्ध गराइनु पर्दछ, ताकि उनीहरू कानुनी पहुँच उपभोग गर्न,साथै यस प्रकारका हिंसाको उजुरी गर्न सक्षम हून सकुन् साधन स्रोतहरुमा; यातायातको सुविधा, कानुनी सहायता, प्रतिनिधित्व साथै आदिवासी समुदायको आफ्नै भाषामा प्राप्त गरिने कानुनी सुविधा पर्दछन् ।

(छ) स्वतन्त्रताबाट वञ्चित आदिवासी महिला तथा किशोरीहरूलाई राज्यले सचेतनाका साथै उनीहरूमाथि भइरहेका सबै प्रकारका हिंसा, अमानवीय व्यवहार तथा पीडाहरूलाई रोकथाम गर्ने कार्य गरिनु पर्दछ । राज्यले उजुरी गर्ने, कहाँ कसरी गर्ने भन्ने स्वतन्त्र अधिकारबाट वञ्चित भएका आदिवासी महिला तथा किशोरीहरूलाई यो अधिकार प्रदान गरी उपयुक्त उपायहरू अवलम्बन गरी निश्चितता प्रदान गरिनु पर्दछ । साथै, राज्यले यस प्रकारको स्वतन्त्र अधिकारबाट वञ्चित आदिवासी महिला तथा किशोरीहरूको सामाजिक पुनर्संयोजन कार्यक्रमहरूलाई बढावा दिनु पर्दछ । साथै, पुनर्संयोजन तथा उनीहरूको संस्कृति, धारणाहरू तथा भाषाहरूको सम्मान गरिनु पर्दछ ।

(ज) राज्यले अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुन, अन्तर्राष्ट्रिय समानतासम्बन्धी कानुनहरुप्रति उसको दायित्वहरूको पालना गर्नु पर्दछ, जुन दायित्वहरू विशेषतः युद्धको परिस्थितिमा आदिवासी महिला तथा बालिकाहरुविरुद्ध हुने सबै खाले लैङ्गिक हिंसा, भेदभाव, नागरिकविरुद्धका हिंसा, शत्रु-पक्षका लडाकुहरूमाथि गरिने मानवताविरोधी गतिविधिका साथै वातावरण, प्राकृतिक स्रोत र भूमिमाथि हुने हिंसाहरू पर्दछन् ।

(झ) आदिवासी महिला तथा किशोरीहरुविरुद्ध हुने लैगिक हिंसालाई विशेषतः यौनजन्य हिंसा र यौन शोषण आदिको मुख्य कारण, तीव्रता र गम्भीरतालाई मूल्याङ्कन गर्नु रोकथाम तथा सूचना प्रवाहका लागि आदिवासी समुदायहरू र यससँग सम्बन्धित संघ संस्थाहरूसँग सहकार्य गरी छरिएका तथ्यांकहरू व्यवस्थित ढंगले संकलन तथा अध्ययन गरिनु पर्दछ ।

## (ख) राजनीतिक तथा सार्वजनिक जीवनमा सक्रिय सहभागितासम्बन्धी अधिकार (दफा ७, ८ र १४) :

**(४३)** प्रायजसो आदिवासी महिला तथा किशोरीहरूलाई नीति निर्माण, निर्णय गरिने स्थान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रक्रियाहरुमा संलग्न गरिँदैन, यद्यपि उनीहरुकै आफ्नो समुदाय र व्यवस्थामा पनि उनीहरुलाई बाहिरै राख्ने प्रवृत्ति छ । महासन्धिको दफा ७ बमोजिम उनीहरू राजनीतिक, सामाजिक तथा सामुदायिक सबै तहमा सक्रिय तथा प्रभावकारी भूमिका तथा संलग्नता रहने कानुनी अधिकार छ । यो अधिकारले संलग्न गरेका क्षेत्रहरूमा नीति निर्माण गर्ने क्षेत्रहरू, उनीहरुको आफ्नो समुदाय, पुर्ख्यौली साथै अन्य अधिकार क्षेत्रहरूमा भाग लिने पाउने । राज्य तथा निजी क्षेत्रले लागु गर्ने, आर्थिक नीतिगत प्रक्रिया, सुझावका पदीय क्षेत्रहरू, चाहे स्थानीय तह, क्षेत्रीय, अन्तर्राष्ट्रिय क्षेत्रहरू, उनीहरूको काम गर्ने क्षेत्र होस्, उनीहरू त्यस क्षेत्रहरूमा मानव अधिकार संरक्षकका रुपमा सक्रिय रूपमा संलग्न हुन पाउँदछन् ।

**(४४)** आदिवासी महिला तथा किशोरीहरूले परस्पर जोडिएका तथा बहुपक्षीय समस्या, बाधा अड्चनहरु, प्रभावकारी तथा अर्थपूर्ण सहभागिताको क्षेत्रमा भोग्न परेको छ। यी बाधा अड्चनहरूमा राजनीतिक हिंसा समान शिक्षाको अवसरमा कमी, निरक्षता, नस्लवाद, लिङ्गवाद, वर्गीय विभेदहरू, भाषागत अवरोधहरू, भौगोलिक दूरता, स्वास्थ्य सेवाको पहुँचमा अस्वीकृति जसमा- सन्तान उत्पादन, स्वास्थ्य सेवाहरू र अधिकार, आर्थिक सहायताको पहुँचको कमी, राजनीतिक सूचना, कानुनी सूचना, संघसंगठनसम्बन्धी सूचना, सामुदायिक तथा नागरिक समाजमा मतदान गर्ने प्रक्रियासम्बन्धी जानकारी, राजनीतिक कार्यालय सञ्चालन गर्ने जानकारी तथा अभियानलाई व्यवस्थापन गर्नु र बजेट सुरक्षा र सञ्चालन गर्ने जानकारीको पहुँचमा कमी । यस प्रकारको सहभागिताको लागि बाधा अड्चनहरू विशेषगरी सशस्त्र द्वन्द्वका अवस्थामा बढी हुने गर्दछ। यसमा संक्रमणकालीन न्याय प्रक्रिया तथा व्यवस्था पर्दछन् । यसैअन्तर्गत आदिवासी महिला तथा किशोरीहरू र उनका संघ संगठनहरू, प्रायः शान्ति बहाल गर्ने प्रक्रियामा उनीहरूको सहभागितालाई बाहिर पारिन्छ या भाग लिने कोसिस गरे धम्की दिइन्छ वा आक्रमण गरिन्छ। राज्य-पक्षले आदिवासी महिला तथा किशोरीहरूको कम्प्युटर, इन्टरनेट र अन्य प्राविधिक डिजिटल सुविधाका सबै प्रकारहरूमा उनीहरूको पूर्ण सहभागिताको लागि शीघ्र कार्य संचालनको निश्चितता गरिनु पर्दछ ।

**(४५)** यस समितिले आदिवासी महिला मानव अधिकारकर्मीहरूले सामना गर्नुपरेको धम्की चुनौती तथा खतराहरुलाई स्वीकार गर्दछ । उनीहरूको उक्त कार्यालयलाई राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता हुन पाउने अधिकारद्वारा सुरक्षित गरिएको छ। विशेष जोखिमका आदिवासी महिला तथा किशोरीहरू पर्दछन् । उनीहरू आफ्नो भूमि तथा भौगोलिक क्षेत्रको

संरक्षण तथा विकासमा वातावरणीय मानव अधिकार तथा संरक्षक हुन्, साथै उनीहरूको आदिवासी समुदायको स्वतन्त्र, पूर्वसूचित, सूचना बेगर विकास परियोजनाहरू सञ्चालनमा विरोध गर्दछन् । यस प्रकारका धेरै मुद्दाहरूमा आदिवासी महिला तथा किशोरीहरू, जो मानव अधिकारको संरक्षक हुन्, उनीहरूले हत्या, हिंसा, धम्की, उत्पीडन, उनीहरूलाई मनोमानी तरिकाले थुनामा राख्ने, विभिन्न यातनाहरू दिने, उनीहरूमाथि अपराधीकरण गर्ने, कलंक लगाउने तथा उनीहरूको कामको बदनाम गराउने जस्ता कार्यहरुको सामना गर्नुपरेको छ । आदिवासी महिलाहरूका धेरै संघ संस्थाहरुले राष्ट्रिय स्तरमा कानुनी मान्यता प्राप्त गर्ने विषयमा बाधा विरोधको सामना गर्नुपरेको छ, परिणाम- उनीहरूको स्वतन्त्रपूर्वक कार्य गर्ने तथा अनुदानमा पहुँच पुराउने क्षमतामा चुनौतीहरूको सामाना गर्नुपरेको छ । अतः राज्य-पक्षले तत्काल लैङ्गिक उत्तरदायित्वमा आधारित नीतिहरू अवलम्बन गरी सार्वजनिक रूपमा मान्यता प्रदान गर्नु पर्दछ, जसले आदिवासी महिला तथा किशोरीहरूको मानव अधिकार संरक्षकको जीवनको सुरक्षा, स्वतन्त्रता, आत्मनिर्णयको अधिकारलाई संरक्षण प्रदान गर्दछ । त्यसैगरी यस समितिले राज्य-पक्षले भेदभाव, जातिवाद, हत्याहिंसा उत्पीडनबाट मुक्त, सुरक्षित रुपले वकालत गर्ने वातावरणको सुनिश्चितता गर्नुपर्ने सुझाव राख्दछ ।

## (४६) राज्य-पक्षलाई यस समितिका सुझाव/सिफारिसहरू:

(क) विस्तृत सुझाव राजनीति तथा सार्वजनिक जीवनमा, नं. २५ (२०२५) प्रचलित विशेष कानुन तथा दफा १८, १९, ३२ र महासन्धिका धारा ४४ ले आदिवासी महिला तथा किशोरीहरूको राजनीतिक तथा सार्वजनिक जीवनका सबै तहतप्कामा अर्थपूर्ण, यथार्थपरक तथा पूर्ण जानकारीमूलक सहभागितालाई प्रोत्साहन तथा बढावा दिन्छ । यस प्रकारको सहभागिताको तहको निर्णय लिने तथा कार्यान्वयन गर्ने स्थानमा अस्थायी तथा विशेष नीतिहरू वा योजनाहरूमा कोटा प्रणाली, लक्ष्यहरू, प्रोत्साहन तथा प्रयत्नहरूले प्रतिनिधित्वमा समानता निर्माण गर्दछ भन्ने विषयहरू समावेश गरिएको छ ।

(ख) आदिवासी महिला तथा किशोरीहरुविरुद्ध गरिने विभेद तथा पक्षपात रोक्नका लागि राज्य-पक्षले एउटा उत्तरदायित्व, जवाफदेही संयन्त्रको स्थापना गर्नु पर्दछ । त्यस्तै एउटा प्रभावकारी लैङ्गिक न्यायिक उपचारमा पहुँच पुग्ने वातावरण निर्माण गरी माथि उल्लिखित भेदभाव तथा पक्षपातको सूचना पुऱ्याउन सकून् भन्ने वातावरणको निश्चितता गरिनु पर्दछ । सरकारी कर्मचारीहरूलाई आदिवासी महिला तथा किशोरीहरूको अधिकारको विषयमा तालिम दिनु पर्दछ, साथै सार्वजनिक जीवनमा उनीहरुको उपस्थितिलाई सुनिश्चितता गरिनु पर्दछ ।

(ग) उनीहरूको मतदानको अधिकार सार्वजनिक जीवनमा सहभागी हुने, चुनावमा उम्मेदवार हुने साथै उनीहरुलाई सार्वजनिक सेवा र नीति निर्माण तहमा प्रोत्साहन गर्ने विषयमा आदिवासी

महिला तथा किशोरीहरुलाई र समाजलाई यससम्बन्धी जानकारी तथा सूचना दिनु पर्दछ। अपाङ्गता भएका तथा अशक्त महिला तथा बालिकाहरुले प्रयोग गर्न सक्ने साङ्केतिक भाषा, सजिलै पढ्न सक्ने ब्रेल पुस्तक आदिको सुविधाहरु उपलब्ध गराउने नीतिको निमार्ण गर्नु पर्दछ ।

(घ) आदिवासी महिला राजनीतिज्ञ उम्मेवारहरू, मानव अधिकारका हिमायतीहरू, महिला अधिकारका लागि लड्ने कार्यकर्ताहरूलाई संरक्षण प्रदान तथा अनुसन्धान तथा अपराधीलाई दण्डको व्यवस्थाको लागि विचारपूर्ण कदम राज्यले चाल्नु पर्दछ। यस प्रकारको पहलकदमीहरू राष्ट्रिय तथा स्थानीय निकायसम्म पुग्नु पर्दछ, साथै उनीहरूको पुर्ख्यौली संगठनका रूपहरू र मतदान प्रतिनिधित्व गर्ने उनीहरुको पद्धतिलाई सम्मान गर्नु पर्दछ ।

(ङ) राजनीतिक पदहरूमा महिलाहरुलाई प्रोत्साहन गर्ने, उनीहरुको स्थानहरूमा उनीहरूको पहुँचलाई सुनिश्चितता गर्ने कार्यका लागि सीप, तालिम, प्रोत्साहन कोषको निर्माणमा अभियान साथै राजनीतिक दलहरूलाई महिला उम्मेदवारहरू मनोनयन गर्ने चेतना अभिवृद्धि कार्यक्रमको सञ्चालन गर्ने । पर्याप्त स्वास्थ्य सेवा, बच्चाहरूको स्याहार-सम्भार, सुविधाहरु, बुढाबुढीहरूलाई हेरचाह गर्ने सुविधाहरू, त्यसैगरी राजनीतिमा महिला तथा किशोरीहरुको सहभागिताका लागि आवश्यक विधेयक, नीतिहरु तथा उनीहरूको राजनीतिक अधिकारलाई सुनिश्चितता गर्न आवश्यक राजनीतिक तथा संवैधानिक सुधार, प्रोत्साहन तथा अनुगमन संयन्त्रको निर्माण, राजनीतिक दलहरूले यी आदिवासी महिला तथा किशोरीहरूको राजनीतिक सहभागिता वृद्धिका लागि विशेष नीतिहरू लागु गर्ने कार्यमा चुकेका छन् भने कारबाही, दण्ड गरिनुपर्ने वातावरणको निर्माण ।

(च) आर्थिक क्रियाकलापहरू जस्तैः मुढा कटाइसँग सम्बन्धित लगानीहरू, विकासे कामहरू, पर्यटन, उत्खनन, खानी खन्ने, जलवायु न्यूनीकरण अनुकूलन कार्यक्रमहरू सञ्चालनका साथै संरक्षणसम्बन्धी योजनाहरूजस्ता कार्यहरू आदिवासी भूभाग तथा संरक्षित क्षेत्रहरूमा कार्यान्वयन गरिँदै छ भने त्यहाँका आदिवासी महिलाहरूको प्रभावकारी सहभागिता तथा उनीहरूको स्वतन्त्र, पूर्ण जानकारी तथा मञ्जुरी, पर्याप्त छलफलविना कार्यान्वयन, सञ्चालन गर्न नहुने विषयको सुनिश्चितता गर्नु पर्दछ । माथिका आर्थिक क्रियाकलापहरूले मानव अधिकार तथा आदिवासी महिला तथा किशोरीहरूको अधिकारमा प्रतिकूल असर गर्दैनन् भन्ने कुरा महत्वपूर्ण हो ।

(छ) द्वन्द्व रोकथाम, द्वन्द्व तथा द्वन्द्वोत्तर अवस्थाका बारेमा विस्तृत सुझाव नं. ३० (२०१३) र सुरक्षा परिषद्को प्रस्ताव १३२५ (२०००) त्यसपछिको संकल्पमा आदिवासी महिला तथा किशोरीलाई निर्णयकर्ताको रुपमा सहभागी हुनु, शान्ति निर्माण गर्ने, संक्रमणकालीन न्याय व्यवस्थामा निर्णयकर्ताको रूपमा भाग लिने विषयलाई सुनिश्चितता गरिनुपर्ने कुरा उल्लेख छ ।

(ज) आदिवासी मानव अधिकार अभियन्ताहरूलाई मान्यता, समर्थन र उनीहरूको जीवन रक्षाका लागि प्रभावकारी पहलकदमी लिनुपर्ने साथै उनीहरूको कार्य सुरक्षित, सक्षम र समावेशी वातावरणको सुनिश्चितता गर्नुपर्ने । राज्यका नीतिहरूमा विशिष्ट सरकारी संयन्त्रको निर्माण गरिनुपर्ने, जसले महिला अधिकार रक्षकहरूको साँचो तथा अर्थपूर्ण सहभागिता र सहकार्य आदिवासी जनता तथा समुदायसँग गर्न सकियोस् ।

## (ग) शिक्षामा अधिकार (दफा ५ र १०) :

**(४७)** आदिवासी महिला तथा किशोरीहरुले विभिन्न शैक्षिक संस्था, तहहरुमा भर्ना गर्ने, ग्रहण गर्ने, प्राप्त गरी पूरा गर्ने कार्यमा, शिक्षाका हरेक तह तथा गैरपरम्परावादी शिक्षण क्षेत्रहरूमा विभिन्न बाधा तथा व्यवधानको सामना गर्नुपरेको छ, जसमा गम्भीर प्रकारका शैक्षिक बाधा अड्चनहरुमा आदिवासी समुदायले निर्माण, स्थापना तथा नियन्त्रित शैक्षिक संस्थाहरूको कमी तथा प्रयाप्त सुविधाहरु नहुनु । त्यसैगरी गरिबी, भेदभावपूर्ण, सीमान्तकृत तथा कुरीतिपूर्ण लैङ्गिक विभेद, शिक्षण पाठ्यक्रममा उनीहरूको सांस्कृतिक सान्दर्भिकता सीमित रुपमा राखिनु, पठनपाठनमा उनीहरुको मातृभाषामा उपलब्ध नहुनु । लैङ्गिक शिक्षाको अभाव, आदिवासी महिला तथा किशोरीहरु विद्यालय पुग्नका लागि लामो दूरी, बाटो हिँड्नुपर्ने बाध्यात्मक परिस्थितिले उनीहरुले आउजाउ गर्दा पनी लैङ्गिक हिंसाहरु भोग्न परेको छ । विद्यालयमा रहँदा पनि उनीहरुलाई जिस्काउने, मजाक उडाउने जस्ता लैङ्गिक हिंसाको सामना गर्नुपर्ने अवस्था छ । बाध्यकारी समीकरण नीतिहरूलाई विद्यालयमा लागू गर्नाले लैङ्गिक विभेद र हिंसाको तीव्रता शिक्षण संस्थाहरुमा बढ्न गएको छ । अपाङ्गता भएका आदिवासी बालिकाहरूले अझै बढी बाधा अड्चनको सामना गर्नु पर्दछ । जस्तैः शारीरिक रूपमा विद्यालय पुग्न कठिनाइ, उनीहरूलाई भर्ना गर्न इन्कार गर्नु, अपाङ्गता भएकाहरूका लागि छुट्याएको विद्यालयमा मात्र भर पर्नुपर्ने परिस्थिति । त्यसैगरी विद्यालय पुग्नबाट बञ्चित गर्ने, अन्य परिस्थिति वा बाधाहरूमा बालविवाह, जबरजस्ती विवाह, यौन हिंसा, किशोरी अवस्थामा गर्भधारण, अस्वाभाविक पारिवारिक जिम्मेवारीहरू, बाल मजदुरी, प्राकृतिक प्रकोप तथा सशस्त्र द्वन्द्व रहेका छन् ।

## (४८) राज्य-पक्षलाई यस समितिका सुझावहरू:

(क) आदिवासी महिला तथा किशोरीहरूको पूर्ण शिक्षा ग्रहण गर्न पाउने अवस्थाको सुनिश्चितता ।

(ख) शिक्षाको सबै तहमा समान तथा गुणात्मक शिक्षाको पहुँचको निश्चितता गर्नुपर्ने साथै महासन्धिको दफा १४ र १५ मा उल्लिखित अधिकारको महसुस आदिवासी महिला तथा बालिकाले गर्न पाउनुपर्ने ।

(ग) भेदभावपूर्ण परम्परा, प्रचलनलाई सम्बोधन गर्नुपर्ने । आदिवासीको उद्‌गम, इतिहास, संस्कृति तथा आदिवासी महिला तथा किशोरीहरुको अनुभवहरू समेटिनुपर्ने ।

(घ) आदिवासी महिला तथा किशोरीहरूलाई शिक्षण संस्थाहरुमा भर्ना गर्न विशेषता आधुनिक शिक्षाहरु, जस्तैः इन्जिनियरिङ, गणित, सूचना तथा प्रविधिजस्ता विषयहरूका लागि छात्रवृत्ति तथा आर्थिक कार्यक्रमहरुको स्थापना गर्नुपर्ने साथसाथै आदिवासी समुदायको ज्ञान र सीपलाई संरक्षण, महिला तथा किशोरीहरूको विज्ञान र प्रविधिको योगदानलाई मान्यता तथा सुरक्षा प्रदान गरिनु पर्दछ ।

(ङ) अन्तर्राष्ट्रिय तथा बहुमुखी सहयोग संयन्त्रको स्थापना गर्नुपर्दछ, जसले आदिवासी महिला तथा किशोरीहरूलाई दिइने पक्षपातपूर्ण साझेदारी वा हिंसालाई कम गर्ने, ज्यालाविहीन मजदुरीलाई रोक्ने, बाल विवाहलाई रोक्ने तथा लैङ्गिक हिंसामा आधारित यौन शोषण, श्रम शोषणको उजुरी दिनका लागि सहयोग पुऱ्याउने हुनुपर्दछ। सामाजिक सहयोग संयन्त्र, कामकाजी प्रभावकारी पहुँचमा हुने तथा संस्कृतिक रूपमा आदिवासी समुदायलाई स्वीकार्य हुनु पर्दछ ।

(च) आदिवासी महिला तथा किशोरीहरूले प्राप्त गर्ने गुणात्मक शिक्षा उनीहरूको पहुँचमा सस्तो सर्वसुलभ हुनु पर्दछ, जसमा अपाङ्गता भएका महिला तथा किशोरीहरू पनि समेटिनु पर्दछ । राज्यले अपाङ्गता भएका महिला तथा किशोरीहरूले शिक्षामा समान सहभागितामा भोग्न परेका सबै अवरोधहरूलाई हटाई पर्याप्त साधनस्रोत र सुविधाको सुनिश्चितता गरिनु पर्दछ । राज्यले वैज्ञानिक अनुसन्धानमा आधारित उमेर समूहअनुसार यौन शिक्षाको सुनिश्चितता गर्नु पर्दछ ।

(छ) पाठ्यक्रममा आदिवासी समुदायको शिक्षा, भाषा, संस्कृति, इतिहास, ज्ञानको प्रणाली तथा ज्ञान विज्ञान प्रतिविम्बित हुनुपर्ने विषयलाई प्रोत्साहन गर्नुका साथै लागु गरिनु पर्दछ । यस खाले व्यवस्थालाई सबै विद्यालयहरू तथा मूल प्रवाहका विद्यालयसमेतमा फैलाउनु पर्दछ । यस प्रकारको पाठ्यक्रम तर्जुमा गर्दा आदिवासी महिला तथा किशोरीहरूको सहभागितामा निर्माण गरिनु पर्दछ ।

## (घ) कामको अधिकार (दफा ११ र १४) :

(४९) आदिवासी महिलाहरूको पहुँच; राम्रो, सुरक्षित, बढी तलब पाउने क्षेत्रमा ज्यादै न्यून छ, जसले उनीहरुको आर्थिक अवस्थालाई चित्रित गर्दछ । उनीहरूले कृषि क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् तर बहुसंख्यक मानिसहरू निर्वाहमुखी कृषिमा प्रतिनिधित्व गर्दछन्, जुन क्षेत्रमा कम दक्ष, आंशिक समय, मौसमी काम वा विनातलब र घरेलु काममा व्यतीत

गर्दछन् । आदिवासी महिला तथा किशोरीहरूको ठूलो संख्या घरेलु काममा लागेका छन्, जुन काममा असुरक्षित वातावरण, कम ज्याला पाउनेमा पर्दछन् । उनीहरूको बढी सहभागिता अनौपचारिक कामहरूमा, जसको मतलब कमजोर आय, फाइदा कम तथा सामाजिक संरक्षण हुदैन । उनीहरूले अझ अगाडि लैङ्गिक विभेद, कुरीति र जातीय पक्षपातको सामना कार्यक्षेत्रहरूमा भोग्नु पर्दछ, जसमा उनीहरूको भेषभूषा तथा भाषाको प्रयोग गर्नबाट बञ्चित राखिनु । आदिवासी महिला तथा किशोरीहरूले अनेकौं प्रकारका लैङ्गिक हिंसा तथा उत्पीडनको सामना गरेका छन्, जसको काम गर्ने ठाउँमा उनीहरूप्रति गरिने व्यवहार, जसले उनीहरूलाई जबरजस्ती काममा लगाउने गरिन्छ, जुन एक प्रकारको दासत्वमा राख्नुसरह हो । त्यसैले राज्यले आदिवासी महिला तथा किशोरीहरूका लागि समान अवसरको सिर्जना गर्नु पर्दछ । शिक्षा तथा रोजगारीको क्षेत्रमा उनीहरूको पहुँचलाई प्रभावकारी तुल्याउन आवश्यक पर्ने तालिम र सीपको सिर्जना गर्नु पर्दछ, जसले गर्दा उनीहरूको राम्रो रोजगारी प्राप्त गर्ने सम्भावना साथै अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षामा प्रवेश गर्ने उपयुक्त वातावरण निर्माण गर्दछ । राज्यले आदिवासी महिला तथा किशोरीहरूले विनाभेदभाव आफ्नो पेसा व्यवसायबाट निरन्तर फाइदा पाइरहन सकून भन्ने वातावरणको सुनिश्चितता गर्नु पर्दछ ।

**(५०) यस समितिको राज्य-पक्षलाई सुझाव :**

(क) न्यायसंगत, सुरक्षित, उपयुक्त काम गर्ने तथा सुरक्षित आयआर्जन गर्ने वातावरणका लागि राज्य-पक्षले तलका कुरा/विषयहरुलाई सम्मिलित गरी सुनिश्चित परिस्थितिको निर्माण गर्नु पर्दछ :

(ख) व्यावसायिक तथा पेसागत तालिमहरूको अवसरलाई बढावा र प्रोत्साहन गर्नुपर्ने ।

(ग) आदिवासी महिलाहरूलाई व्यापार व्यवसाय सञ्चालन गरी उद्यमशील बनाउनका लागि अवसरहरुको सिर्जना गर्ने र यस कार्यलाई बढाएर लैजानू पर्ने । राज्यले आदिवासी महिलाहरुले सञ्चालन गरेका बन्द व्यापारमा सहयोग पुऱ्याउन पर्दछ, साथै आदिवासी समुदायले आयआर्जन गर्न, अर्थ तथा व्यापारका अवसरहरूमा पहुँच पुऱ्याउन राज्य-पक्षको सहयोग तथा समर्थन हुनु पर्दछ ।

(३) आवश्यक ठानेमा उनीहरुको अनौपचारिक अर्थतन्त्रको स्वरुपलाई औपचारिक रूपमा परिवर्तन गर्ने प्रक्रियालाई सहज बनाउनु पर्दछ ।

(४) सबै काम गर्ने क्षेत्रहरुमा आदिवासी महिलाहरुको व्यावसायिक स्वास्थ्यको सुरक्षा गर्नु पर्दछ ।

(५) सामाजिक संरक्षणलाई विस्तार गरिनु पर्दछ, साथै आदिवासी महिलाहरूका लागि बच्चाहरूको हेरचाहको यथेष्ट व्यवस्था गरिनु पर्दछ । यसमा रोजगार तथा स्वरोजगार दुवै पर्दछन् ।

(६) विनाभेदभाव आदिवासी पुरुष तथा महिला दुवैले उनीहरूको पेसा व्यवसायबाट फाइदा लिन तथा यसको छनोट गर्न पाउने वातावरणको प्रत्याभूति गराइनु पर्दछ । त्यसैगरी उनीहरूको जग्गा जमिनमा संचालित व्यवसायमा उनीहरूको सामूहिक अधिकारको प्रत्याभूति गराइनु पर्दछ ।

(७) कानुन तथा नीतिगत रुपरेखामा न्यायिक अधिकार, काम गर्ने स्थानमा अनुकूल वातावरण तथा कामअनुसारको समान ज्याला भन्ने सिद्धान्तलाई पूर्ण रूपले समावेश गर्नुपर्ने । त्यसैगरी विशेष ध्यान आदिवासी तथा किशोरीहरू, जसले वैध रुपले काम गरिरहेका छन् उनीहरूलाई पुऱ्याउनुपर्ने हुन्छ । राज्य-पक्षले आदिवासी महिलाहरूमा उद्यमशीलताको विकास गर्ने, उनीहरुलाई ऋण तथा अन्य आर्थिक कारोबारमा विनाधितो ऋण सुविधा उपलब्ध हुने सुनिश्चितता गर्नु पर्दछ, जसले गर्दा उनीहरू आफ्नो व्यापार व्यवसाय सञ्चालन गरी आर्थिक विकास गर्न सक्षम हुनेछन् ।

(८) आदिवासी महिला तथा किशोरीहरुले काम गर्ने स्थानहरुमा उनीहरुविरुद्ध हुने पक्षपात, विभेद, जातिवाद, परम्परागत रुढिवादी सोच, लैङ्गिक हिंसा, यौनजन्य पीडाहरूलाई रोकथामका लागि पहलकदमी गर्नुपर्ने, साथसाथै श्रम गर्ने स्थान तथा श्रमिकहरुको अवस्थाको निरन्तर अनुगमन, उत्तरदायी सूचना प्रदान गर्ने एउटा संयन्त्रको निर्माण तथा यस कामको कार्यान्वयन गरिनु पर्ने ।

(९) ऐतिहासिक रुपमै वञ्चित क्षेत्रहरू, जस्तै- व्यावसायिक तथा व्यावसायिक तालिम विशेष, विज्ञान, प्रविधि, इन्जिनियरिङ, गणित, त्यस्तै इन्टरनेटसँग सम्बन्धित क्षेत्रहरूमा आदिवासी महिला तथा किशोरीहरुको पहुँचलाई सुनिश्चितता गरिनुपर्ने ।

### (ङ) स्वास्थ्यसम्बन्धी अधिकार (दफा १० र १२) :

आदिवासी महिला तथा किशोरीहरू आवश्यकीय स्वास्थ्य सेवा तथा सुविधाहरूमा सीमित मात्रमा पहुँच छ । उनीहरूको विशेषगरी लैंगिक तथा प्रजनन् स्वास्थ्य सेवासम्बन्धी जानकारीको पहुँचबाट बञ्चित छन् । स्वास्थ्य क्षेत्रमा उनीहरुमाथि जातीय तथा लैङ्गिक विभेद भएको छ । स्वास्थ्य क्षेत्रमा उनीहरुको स्वतन्त्र, पूर्वसूचित भई निर्णय लिने अधिकारलाई सम्मान गरिएको छैन । प्रायः स्वास्थ्यकर्मीहरु लैङ्गिक विभेदकारी तथा आदिवासी महिलाहरुको वास्तविकता, संस्कृति र विचारप्रति संवेदनशील छैनन्, साथै उनीहरु आदिवासी समुदामा प्रचलित भाषाको प्रयोग नगर्ने, स्वास्थ्य सेवा प्रदान गर्दा आदिवासी महिलाहरुको इज्जत, सम्मान, वैयक्तिक

स्वतन्त्रताको पूर्ण जानकारी तथा पूर्वस्वीकृति लिने तथा उनीहरूको प्रजननसम्बन्धी स्वयत्त अधिकारहरूप्रति संवेदनशील रही सेवा प्रदान गर्ने विषयमा ध्यान पुगेको छैन। आदिवासी महिलाहरूले बारम्बार यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी जानकारी र शिक्षामा पहुँचको सुरक्षा गर्ने काममा समस्याहरू भोगिरहेका छन्। जस्तोः परिवार नियोजनका अस्थायी साधनहरुको प्रयोग, सुरक्षित तथा कानुनी गर्भपतनको पहुँचहरु, स्वास्थ्य क्षेत्रमा प्रायजसो उनीहरु लैङ्गिक हिंसाको शिकार भएका छन्, जस्तोः प्रसुतिको बेलामा हुने हिंसा, यसैगरी परिवार नियोजनसम्बन्धी जबर्जस्ती गरिने बन्ध्याकरण, जबर्जस्ती परिवार नियोजनका अस्थायी साधनहरुको प्रयोग साथै उनीहरुको जन्मान्तरको स्वअधिकार तथा क्षमतामाथि लादिने अभ्यास तथा बाधा-अड्चनहरु, त्यसैगरी आदिवासी धाईआमाहरु र सहयोगीहरूलाई तथा उनीहरुको प्राविधिक ज्ञानलाई अवमूल्यन तथा अपराधीलाई जस्तो व्यवहार गैरआदिवासी स्वास्थ्य पद्धतिमा गरिन्छ। महामारीको असर प्रभाव आदिवासी महिला तथा बालिकाहरुमाथि उस्तै छैन। कहीँ धेरै, कहीँ कम छ। त्यसकारण राज्य-पक्षले यसप्रकारका आपतकालीन अवस्थामा गरिने परीक्षण, खोप तथा अन्य स्वास्थ्य सेवाहरूलाई उनीहरूको सांस्कृतिक परम्पराअनुरूप गर्नुपर्ने व्यवस्थालाई सुनिश्चितता गर्नु पर्दछ।

## (५२) राज्य-पक्षलाई यस समितिका सुझावहरू :

(क) आदिवासी महिला तथा किशोरीहरुलाई गुणस्तर स्वास्थ्य सेवा तथा सुविधाहरुको पर्याप्ततामा पहुँच, सस्तो तथा सुलभ सांस्कृतिक तथा परम्परागत रुपमा स्वीकार्य लगायत अपाङ्गता भएका, उमेर पुगेका, समलिङ्गी, तेस्रोलिंगी सबै प्रकारका महिला तथा किशोरीमाथिका स्वास्थ्य सुविधाको सुनिश्चितता राज्यले गर्नु पर्दछ। त्यसैगरी पूर्वजानकारी तथा स्वीकृति तथा गोपनीयतालाई स्वास्थ्य सेवासम्बन्धी कानुनअनुसार सम्मान तथा पालना गरिनु पर्दछ।

(ख) आदिवासी महिला तथा किशोरीहरुले यौन तथा गर्भाधानसम्बन्धी स्वास्थ्य सेवाहरू, स्वैच्छिक गर्भपतन तथा परिवार नियोजनका साधनहरूको प्रयोगसम्बन्धी तथ्यपरक सूचनाहरु उनीहरुका लागि वोधगम्य र ग्रहणीय ढाँचामा उपलब्ध गराउनुपर्ने विषयलाई प्रत्याभूति गराइनु पर्दछ।

(ग) स्वास्थ्यसम्बन्धी जानकारी तथा सूचनाहरु उनीहरूको भाषामा व्यापक रुपमा उपलब्ध गराउनुपर्ने, साथै उक्त सूचनाहरु भरसक सामाजिक तथा परम्परागत चलन चल्तीको आमसञ्चार माध्यमबाट गराइनु पर्दछ।

(घ) आदिवासी जनसमुदायको स्वास्थ्य व्यवस्था तथा प्रणाली, पुर्ख्यौली ज्ञान, विज्ञान, प्रविधि तथा चलनचल्तीलाई मान्यता दिने तथा अपराधीकरण गर्ने प्रचलनलाई रोक्ने तथा रोकथाम गर्नुपर्ने।

(ङ) लैङ्गिक उत्तरदायित्व तथा प्रभावकारी सांस्कृतिक उत्तरदायित्व हुने खालका तालिमहरु उपलब्ध गराउनु पर्ने, यसै व्याख्याको दफा ४ र ५ अनुसार लैङ्गिक तथा सांस्कृतिक दृष्टिकोणहरूलाई संलग्न गरिनु पर्दछ। उक्त दफाहरुमा स्वास्थ्यकर्मीहरु, सामुदायिक स्वास्थ्यकर्मी तथा धाईआमाहरुलगायत जसले आदिवासी महिला तथा बालिकाहरुको उपचारलाई सम्बोधन गर्दछ, उनीहरुलाई समेट्दछ, साथै आदिवासी महिलाहरूलाई स्वास्थ्य सेवामा प्रवेश गर्नका लागि प्रोत्साहन गर्नुपर्ने ।

(च) स्वास्थ्य सेवाको प्रावधानअनुसार आदिवासी महिलाहरू तथा किशोरीहरुविरुद्ध हुने लैङ्गिक विभेद, खतरनाक व्यवहार, लैङ्गिक पुरातन/कुरीति, चलन, पक्षपात तथा सबैखाले पूर्वाग्रहलाई रोक्न पहलकदमी चाल्नु पर्ने ।

## (च) संस्कृतिसम्बन्धी अधिकार (दफा ३, ५, १३ र १४) :

संस्कृति, आदिवासी महिला तथा किशोरीहरुको जीवनको अपरिहार्य घटक हो। यसले उनीहरुलाई गहिरो रुपमा उनीहरुको भूमि, ऐतिहासिक भूभाग, इतिहास तथा सामुदायिक गतिशील जीवन पद्धतिसँग जोडेको हुन्छ। आदिवासी महिला तथा किशोरीहरुको संस्कृतिका धेरै स्रोतहरू छन्। जस्तोः भाषा, भेषभूषा, खाना, भोजन बनाउने तरिकाहरू, औषधीमूलो बनाउने आफ्नै अभ्यास, पवित्र ठाउँहरूलाई गरिने सम्मान, आफ्नो धर्म तथा परम्पराहरूसम्बन्धी अभ्यासहरु, जसले आदिवासी समुदायको इतिहास तथा सांस्कृतिक विरासतलाई झल्काउने तथा हस्तान्तरण गर्दछन् ।

आदिवासी महिला तथा किशोरीहरूले आफ्नो संस्कृतिको उपयोग गर्ने अधिकार मात्रै होइन, उनीहरूले यदि आफ्नो संस्कृतिविरुद्ध विभेद छ भने तिनीहरूलाई चुनौती दिन पनि सक्दछन् । जस्तोः धेरै पुराना नियम कानुनहरू, अन्तर्राष्ट्रिय कानुन, लैङ्गिक समानतासम्बन्धी कानुन, मानव अधिकारसँग बाझिने नीति तथा व्यवहारहरू ।

महासन्धिमा रहेको किशोरीहरुको अधिकारसम्बन्धी दफा १२ अनुसार आदिवासी किशोरीहरुले सांस्कृतिक पक्षहरु, जसले उनीहरुको जीवनलाई असर पुऱ्याउँदछ भने उक्त विषयमा आफ्नो राय व्यक्त गर्न पाउने, भाग लिन पाउने अधिकार रहनुका साथै उनीहरूको उमेर र परिपक्वताका आधारमा प्रतिनिधि पनि चयन गर्न सक्दछन् । राज्यले आदिवासी महिला तथा किशोरीहरुलाई खेलकुद, मनोरञ्जनसम्बन्धी क्रियाकलापहरूमा निर्बाध रुपमा तथा कुनै पनि प्रकारको भेदभावविना भाग लिन पाउने वातावरणको सुनिश्चितता गर्नु पर्दछ ।

**(५४)** आदिवासी समुदायको आफ्नो जग्गा, जमिन, भौगोलिक क्षेत्र, प्राकृतिक स्रोतमाथिको अधिकार तथा सम्पत्तिबाट बञ्चित गरिनु, कानुनी मान्यता नदिनु, त्यसैगरी वातावरणीय ह्रास, जैविक

विविधताको पतन, पर्यावरणीय परिवर्तन, प्रदूषणले सिधा आदिवासी महिला तथा किशोरीहरूको आत्म निर्णयको अधिकार, सांस्कृतिक प्रतिबद्धता तथा अस्तित्वलाई चुनौती दिएको छ। यसप्रकारका चुनौतीहरू राज्य-पक्ष तथा तेस्रो पक्षहरूबाट हुँदै आएको छ। जस्तो- उनीहरूको प्राविधिक ज्ञान, आध्यात्मिक अभ्यास, सांस्कृतिक सम्पदाको अनाधिकृत प्रयोग र हडप्नु हो। त्यसकारण राज्यले आदिवासी समुदायका सांस्कृतिक सम्पदा, भाषा, ज्ञानको संरक्षण गर्नु पर्दछ। यस प्रकारको संरक्षण डिजिटल विधिबाट गराउनु पर्दछ। उनीहरुको भाषा, ज्ञानलाई अनाधिकृत रुपमा प्रयोग तथा ओगट्नेलाई दण्ड सजाय गरिनु पर्दछ। त्यसैगरी आदिवासी समुदायको जमिन, भौगोलिक क्षेत्र र पवित्र स्थलहरूको सम्मान तथा संरक्षण गरिनु पर्दछ।

**(५५) राज्य-पक्षलाई यस समितिका सुझावहरू :**

(क) आदिवासी महिला तथा किशोरीहरुको आफ्नो सांस्कृतिक पहिचान, परम्पराको संरक्षण तथा सम्बर्द्धन गर्ने अधिकारका साथै आफ्नो जीवनको बाटो र योजनाको छनोट गर्ने अधिकारलाई सुनिश्चितता गर्नु पर्दछ।

(ख) आदिवासी महिलाहरूको जमिन, भौगोलिक क्षेत्र, स्रोतहरु र सफा, सुरक्षित तथा स्वास्थ्य, दिगो वातावरणमाथिको अधिकारलाई सम्मान, सुरक्षा तथा बढाउँदै लैजाने विषयलाई सुनिश्चित गरिनु पर्दछ, किनभने माथि उल्लिखित विषयहरू आदिवासी महिला तथा किशोरीहरुको संस्कृति संरक्षणका पूर्ण सर्तहरुभित्र पर्दछन्।

(ग) आदिवासी महिला तथा किशोरीहरुको पूर्वसूचना, मञ्जुरी तथा उनीहरुको फाइदा विना उनीहरुको संस्कृति, ज्ञान तथा सम्पदामाथिको आक्रमण तथा लुटाइजस्ता आपराधिक कार्यलाई गम्भीरतापूर्वक रोकथाम तथा दण्ड सजाय गर्ने तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनु राज्य-पक्षको दायित्व हो।

(घ) आदिवासी संस्कृतिसँग सुहाउँदो शैक्षिक कार्यक्रम निर्माण गर्दा आदिवासी समुदाय, आदिवासीमहिलारूसँग सहकार्य गरी निर्माण गर्नु पर्दछ।

(ङ) आदिवासीको ज्ञान, संस्कृति तथा भाषालाई संरक्षण तथा हस्तान्तरण गर्न डिजिटल माध्यमहरूको महत्वपूर्ण भूमिका हुन सक्दछ। त्यसकारण प्रविधि र संस्कृतिको सम्बन्धको विषयमा वा सम्बन्धबारे अध्ययन गरिनुपर्ने। त्यसैले डिजिटल माध्यमहरूलाई आदिवासीको संस्कृतिलाई सुरक्षा तथा हस्तान्तरण गर्ने कार्यमा सहयोगीको रुपमा प्रयोग गर्नु पर्दछ। यी माध्यमहरू आदिवासी महिला तथा किशोरीहरूले प्रयोग गर्न सक्ने तथा उनीहरूको संस्कृति सुहाउँदो हुनुपर्दछ।

(च) आदिवासी महिलाहरुको बौद्धिक सम्पत्ति, सांस्कृतिक विरासत, वैज्ञानिक तथा औषधीसँग सम्बन्धित ज्ञान, साहित्यिक, कलात्मक नृत्य, गीत-संगीत, नाटक तथा प्राकृतिक स्रोतहरूको मान्यता तथा संरक्षण गरिनु पर्दछ । यिनीहरूको संरक्षण तथा मान्यता प्रदान गर्ने विषय, उपाय तथा मापदण्डहरू लागु गर्दा राज्य-पक्षले पहिलो प्रथामिकतामा आदिवासी महिला तथा किशोरीहरूलाई दिनु पर्दछ । मापदण्डहरुभित्र आदिवासी महिला तथा किशोरीहरूसम्बन्धी क्षमता तथा प्रतिभाहरु राष्ट्रिय सम्पत्तिको अधिकार क्षेत्रभित्र पर्दछन् । उनीहरुको वैयक्तिक वा सामूहिक लेखकीय अधिकारलाई मान्यता, दर्ता तथा संरक्षण गरिनु पर्दछ । साथै, उनीहरूको बौद्धिक सम्पत्ति, सांस्कृतिक विरासत, औषधी तथा विज्ञानसम्बन्धी ज्ञान, साहित्यिक कला, संगीत, नृत्य, नाटक आदिमाथि तेस्रो पक्षबाट हुने अनाधिकृत प्रयोगलाई रोकिनु पर्दछ । राज्यले आदिवासी महिला लेखक तथा कलाकारहरूको स्वतन्त्र स्वीकृति तथा उनीहरूको मौखिक वा लिखित कला, संस्कृति, परम्परागत ज्ञान, सांस्कृतिक विरासत, कलात्मक प्रस्तुतिको, हस्तान्तरणमा रहेको उनीहरूको स्वतन्त्र अधिकारको सम्मान गरिनु पर्दछ ।

(ज) आदिवासी समुदायको पवित्र स्थलहरु, उनीहरूको भूभागहरूको सम्मान तथा संरक्षणमा राज्यले पहलकदमी जिम्मेवारीपूर्ण ढंगले उठाउनु पर्दछ । त्यस्तै यसको उल्लंघन गर्नेहरुलाई उत्तरदायी बनाइनु पर्दछ ।

## (छ) भूमि, भौगोलिक क्षेत्र तथा प्राकृतिक स्रोत सम्बन्धी अधिकार (दफा १, ३ र १४) :

भूमि, थातथलो भनेको आदिवासी महिलाहरु तथा किशोरीहरूको आफ्नो परिचय, संस्कृति, आत्ध्यात्मिक विश्वास, विचारको अभिन्न अंगहरू हुन् । उनीहरुको जीवनको भलाइ, संस्कृति, अस्तित्व, उनीहरुको पुर्ख्यौली जमिन, थातथलो, भूभाग तथा यी प्रकृति स्रोतहरूको प्रयोगमा घनिष्ठ रूपले जोडिएको छ ।

धेरै मुलुकहरूको संविधान, सन्धि तथा विधायिकामा आदिवासी समुदायको आफ्नो पुर्ख्यौली थातथलोमाथि सीमित प्रकारको मान्यता, भूमिमाथि अधिकारको अभाव, उनीहरूको परम्परा तथा सम्पदाको संरक्षणको अभाव साथै आदिवासी समुदायको भूमिमाथिको स्वामित्वको अधिकारमा कमीका कारण राज्य-पक्ष वा तेस्रो पक्षबाट उनीहरूको अधिकारलाई कमजोर पार्ने तथा अनादर गर्ने कुरालाई बढावा दिइएको छ । विशेषतः यसप्रकारको अनादर, सामूहिक स्वामित्व तथा उनीहरूको भूमि तथा प्राकृतिक स्रोतहरूमाथिको स्वामित्व तथा यसको प्रचुर उपयोगमाथि लागु भएको छ । आदिवासी समुदायको भूमिमाथिको स्वमित्वको कमी हुनका कारण गरिबी र पानीको आपूर्तिमा कमी हुनु, बाँच्नका लागि आवश्यक पर्ने प्राकृतिक साधन स्रोतको पहुँचमाथि बाधा अड्चन उत्पन्न हुनु भनेको भूमिमाथिको स्वामित्वको अधिकारबाट वञ्चित हुनु हो । परिणाम- जब असुरक्षाको अवस्था सिर्जना हुन्छ, तब आदिवासी महिला

तथा किशोरीहरूमाथिको लैङ्गिक हिंसालाई पनि बढाएर लैजान्छ। आदिवासी महिला तथा किशोरीहरुविरुद्ध हुने भेदभावलाई रोकथाम गर्न, राज्यले अन्तर्राष्ट्रिय कानुनअनुसार आदिवासीको भूमिसम्बन्धी अधिकारलाई सीमाङ्कन तथा हदबन्दी गरी उनीहरूको जमिनमाथिको अधिकारलाई सुनिश्चितता गर्नु पर्दछ।

**(५७) राज्य-पक्षलाई समितिका सुझाव तथा सिफारिसहरू :**

(क) आदिवासी समुदाय तथा किशोरीहरूको भूमिमाथिको व्यक्तिगत तथा सामूहिक अधिकार तथा उनीहरुको परम्परागत भूमिसम्बन्धी कार्य प्रणालीद्वारा समेटिएको र उनीहरुको भूमिमाथिको नियन्त्रणलाई मान्यता प्रदान गरिनु पर्दछ।

(ख) उनीहरुको आत्मनिर्णयको अधिकार, उनीहरूको भौगोलिक क्षेत्र, भूमि तथा प्राकृतिक स्रोतहरूमाथि टिकेको उनीहरूको अस्तित्व तथा पहिचानलाई कानुनी रुपमा, राष्ट्रिय स्तरमा सन्धि सम्झौता, संविधान र कानुनहरूमा मान्यता प्रदान गर्नु पर्दछ।

(ग) आदिवासी महिला तथा किशोरीहरुको भौगोलिक क्षेत्रहरू तथा भूमिमा आर्थिक विकास, उत्खनन, जलवायु न्यूनीकरणसम्बन्धी प्रोजेक्टहरु लागु गर्दा उनीहरुको प्रकृति स्रोतहरुलाई असर पुग्ने कुनै पनि कार्यहरू लागु गर्नुभन्दा पहिले उनीहरुको स्वतन्त्र तथा पूर्वजानकारीमूलक मञ्जुरी अपरिहार्य रूपले लिनु पर्दछ। यी प्रक्रियाहरूलाई मार्गदर्शन गर्न स्वतन्त्र, पूर्वसूचित एवं सहमतिसहितको प्रोटोकल बनाउन सिफारिस गर्दछ।

(घ) आदिवासी महिला तथा किशोरीहरूको भूमि, भौगोलिक क्षेत्रहरू तथा वातावरणमाथि निजी क्षेत्रहरूबाट हुने व्यापार, निगम आदिबाट आदिवासी समुदायका क्षेत्रहरूमा रहेको अधिकारलाई कमजोर पार्ने कार्यलाई रोकथाम तथा नियमन गर्नुपर्ने साथसाथै दण्ड सजायको उपायहरू अपनाउनु पर्ने, यसप्रकारका अन्य वैकल्पिक उपायहरुको उपलब्धता सुनिश्चितता गरिनुपर्ने, क्षतिपूर्तिको सुनिश्चितता गर्नुपर्ने, यसप्रकारको बारम्बार घट्ने मानव अधिकार उल्लंघन सम्बन्धी कार्यलाई रोकथाम गरिनुपर्ने।

(ङ) आदिवासी महिलाहरुको भूमि, भौगोलिक क्षेत्र तथा प्राकृतिक स्रोतहरुमा रहेको अधिकारलाई कमजोर बनाउने भेदभावपूर्ण रुढिगत प्रवृत्ति, चालचलन, अभ्यासहरुलाई सम्बोधन गर्नका लागि विस्तृत कार्यनीति लागु गर्नु पर्दछ।

**(ज) बिउ बिजन, जल, खाना सम्बन्धी अधिकार (दफा १२ र १४) :**

आदिवासी समुदायको खाना, पानी, जीविका तथा अस्तित्वलाई सुरक्षित राख्नका लागि आदिवासी महिलाहरूले प्रमुख भूमिका खेल्दछन्। उनीहरुको थातथलोबाट वञ्चित हुनुपर्ने,

बाध्यकारी विस्थापन, आदिवासी भूमिसम्बन्धी अधिकारको मान्यताको कमीले उनीहरूको पानी, खानाको सुरक्षा गनुपर्ने साथै आवश्यकीय प्राकृतिक स्रोतहरुको सुरक्षा गर्ने अधिकारलाई सीमित पारेको छ। निकासी तथा अन्य आर्थिक कारोबारसम्बन्धी विकास कार्यक्रमहरूको कार्यान्वयनले खानेकुरा, पिउने पानीलाई प्रदूषित गराउने, रोकावट गर्ने, गुणात्मक ह्रास गराउने गर्दछ भने विशेषगरी आदिवासीहरूको पुर्ख्यौली खेती गर्ने प्रणालीलाई अवरोध गर्दछ। साथै, जलवायु परिवर्तन, वातावरणीय ह्रास, खाद्य सुरक्षालाई चुनौती र पिउने पानीलाई प्रदूषित तथा वितरणलाई प्रभावित गर्दछ। राज्यले आदिवासी महिला तथा किशोरीहरूलाई पर्याप्त खाद्यान्न, पोषण तथा पानीको पहुँचमा सुनिश्चितता गर्नका लागि उपयुक्त उपायहरु तदारूकताका साथ लागु गर्नु पर्दछ। विशेष चिन्ताको विषय भनेको बिउको बढ्दो व्यापारीकरण हो, जुन बिउबिजनको संरक्षण आदिवासी जनजातिको पुर्ख्यौली ज्ञान र संस्कृतिको धरोहर तथा सम्पदाको अभिन्न अङ्ग हो। यस प्रकारको बिउको व्यापारीकरण आदिवासी महिलाहरूलाई कुनै फाइदाबिना नै भइरहेको छ। त्यसैगरी अर्को विशेष चिन्ताको विषय भनेको तीव्र गतिमा बढ्दै गइरहेको बिउ तथा बालीनालीको आनुवांशिक परिमार्जन हो, जुन प्रक्रिया आदिवासी महिला तथा किशोरीहरुको सहभागिताविना नै हुने गर्दछ।

**(५९) यस समितिका सिफारिस तथा सुझावहरू :**

(क) आदिवासी महिला तथा किशोरीहरुको पर्याप्त खाद्यान्न, पानी र बिउबिजनमाथिको पहुँचलाई सुनिश्चितता गरिनुपर्ने, साथै खाद्यान्न उत्पादन स्वामित्व तथा दिगो विकासमा रहेको उनीहरुको अहम् भूमिकालाई मान्यता तथा स्वीकृत प्रदान गरिनु पर्ने।

(ख) आदिवासी महिलाहरूको खेतीपाती तथा जीवनयापन गर्न पुर्ख्यौली कृषि प्रणालीको सुरक्षा गरिनु पर्ने। त्यसैगरी प्राकृतिक स्रोतहरुको व्यवस्थापन, नियन्त्रण, कृषिमा सुधारका योजनाहरुलाई ग्रहण तथा लागु गर्दा आदिवासी समुदायको पूर्ण हितमा हुने वातावरणको सुनिश्चितता गरिनु पर्ने।

(ग) आदिवासी महिला तथा किशोरीहरुविरुद्ध कृषि कार्यमा, पानी लिन जाँदा, खाद्यान्न खरिद बिक्री गर्दा हुने लैङ्गिक हिंसालाई अनुसन्धान, रोकथाम, दण्ड-सजायका लागि तदारुकताका साथ कार्यहरु गर्नुपर्ने। त्यसैगरी वैज्ञानिक प्रगति, नवीनतम प्राविधिक साथै अन्य परिवर्तनमा हुने फाइदाहरुमा उनीहरुको पहुँचको सुनिश्चितता हुनुपर्ने, जसले गर्दा उनीहरु खाद्यान्न तथा पानी आपूर्ति व्यवस्थाको उपभोग गर्न सक्षम हुन सकून्। त्यसैगरी यस क्षेत्रमा उनीहरूले पुऱ्याएको प्राविधिक ज्ञान तथा योगदानको मान्यता तथा क्षतिपूर्ति प्रदान गरिनु पर्दछ। विज्ञानसम्बन्धी उनीहरुले पुऱ्याएको योगदानलाई राज्य-पक्षले स्वीकृत प्रदान गरिनु पर्दछ।

**(झ) दिगो, स्वास्थ्य तथा सफा वातावरण सम्बन्धी अधिकार (दफा १२ र १४) :**

दिगो, स्वास्थ्य तथा सफा वातावरणसम्बन्धी अधिकारभित्र सुरक्षित तथा स्थायी जलवायु, पर्याप्त सुरक्षित खाद्यान्न तथा सफापानी, स्वास्थ्य पर्यावरण, विषादिरहित वातावरण, जैविक विविधता, सहभागिता र वातावरण विषयसम्बन्धी समान न्यायको पहुँच पर्दछन् । आदिवासी महिला तथा किशोरीहरुको अर्थ धर्तीमाता पनि हो । यस विचार वा धारणाले उनीहरुको स्वास्थ्य वातावरण, उनीहरूको भूमि, भौगोलिक क्षेत्र, प्राकृतिक स्रोतहरुसँगको अत्यावश्यक एवं महत्वपूर्ण सम्बन्धलाई प्रतिविम्बित गर्दछ । मानव निर्मित कारणहरू जस्तो- प्रदूषण, जंगल फडानी, प्रदूषित फोहोरमैला फ्याक्नु, जैविक इन्धन जलाउनुका साथै जैविक विविधतामा ह्रास आउनुले यस सम्बन्धलाई खतरामा पारेको छ । यस प्रकारका गम्भीर वातावरणीय क्षतिलाई रोकथाम तथा सुधार गर्न राज्य असफल हुनु भनेको आदिवासी महिला तथा किशोरीहरुविरुद्धको हिंसा तथा भेदभाव कायम रहनु भन्ने जनाउँदछ । उक्त स्थितिलाई राज्यले तुरुन्त सम्बोधन गर्नु पर्दछ । राज्यले आदिवासी महिलाहरूको जैविक विविधता, संरक्षण तथा पुनर्स्थापनासम्बन्धी प्राविधिक ज्ञानलाई मान्यता प्रदान गर्ने र कार्यान्वयनमा पहलकदमी उठाउनु पर्दछ । साथै, पर्यावरणसम्बन्धी बहसमा तथा यसलाई सम्बोधन गर्ने नीतिहरू लागु गर्ने, नीतिहरू निर्माणे, निर्णय गर्ने, सम्झौता तथा कार्यान्वयन स्थानमा उनीहरूलाई संलग्न गराउनु पर्दछ । वातावरण तथा मानव अधिकारसम्बन्धी अभियन्ता भएका आदिवासी महिला तथा किशोरीहरुको कार्यालयलाई राज्यले सहयोग गर्नु पर्दछ । त्यसैगरी उनीहरूको सुरक्षा तथा संरक्षणको निश्चितता गर्नु पर्दछ ।

**(६१) राज्य-पक्षले गर्नुपर्ने कार्यहरूसम्बन्धी सिफारिस तथा सुझावहरू :**

(क) राज्यले जलवायु परिवर्तन, वातावरण तथा प्रकोप जोखिम न्यूनीकरणसम्बन्धी कानुन तथा नीतिहरुले जलवायु परिवर्तन, वातावरणीय ह्रास तथा हानि नोक्सानी वा तीन प्रकारका (Triple Planetary Crisis) संकट- जलवायु परिवर्तन, प्रदूषण, जैविक विविधतामा ह्रासलाई विशेष प्रभाव पार्ने अवस्थालाई रोकथाम गर्ने कानुन तथा नीतिहरूको सुनिश्चितता गर्नु पर्दछ ।

(ख) वातावरण, जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तनसम्बन्धी मुद्दाहरुको निर्णय गर्ने विषयमा आदिवासी महिला तथा किशोरीहरुको समान, अर्थपूर्ण तथा प्रभावकारी सहभागिताको सुनिश्चितता गर्नु पर्दछ ।

(ग) वातावरणीय विनाशलाई रोकथाम गर्नका लागि प्रभावकारी तथा उत्तरदायीपूर्ण संयन्त्रको स्थापनाको सुनिश्चितता तथा वातावरणसम्बन्धी मुद्दाहरुमा आदिवासी महिला तथा

किशोरीहरुलाई समान न्यायमा पहुँचको सुनिश्चितता गर्नु पर्दछ ।

(घ) आदिवासी समुदायको वातावरण, भूमि, सांस्कृतिक विरासत, सम्पदा, प्राकृतिक स्रोतहरू साथै उनीहरूको भूमिलाई संरक्षण, जलवायु परिवर्तनलाई कम गर्ने उद्देश्यले संरक्षित क्षेत्रका रुपमा प्रयोगमा ल्याइने अथवा हरित ऊर्जा योजना लागु गर्दा वा कार्बन उत्सर्जन घटाउने वा व्यापार व्यवसाय (उनीहरूको भूमिमा सञ्चालन) गर्दा वा अन्य कार्यहरू जसले उनीहरुलाई हानी पुऱ्याउँछ, यस प्रकारका माथि उल्लिखित कार्यहरुमा आदिवासी महिला तथा बालिकाहरुको स्वतन्त्र, पूर्वस्वीकृति तथा सहमति लिनुपर्ने कुराको सुनिश्चितता गर्नु पर्दछ ।